## बहाल कर १० प्रतिशत

काठमाडौं । काठमाडौं महानगरपालिकाले चालु आर्थिक वर्षमा १० प्रतिशत बहाल कर उठाउने भएको छ । गत आबमा १२ प्रतिशत बहाल कर संकलन गर्दै आएको कामपाले यस आवमा भने १० प्रतिशत बहाल कर उठाउने भएको हो ।

कामपाले चालु आवका लागि नागरिकलाई सहज होस् भन्ने उद्देश्यले विभिन्न सिफारिस दस्तुर निःशुल्क गरेको छ । निःशुल्क गरिएका बाँकी ८ पेजमा

जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित) साप्ताहिक

## विश्वकर्माको गिरफ्तारीको मालेद्वारा विरोध

काठमाडौं । नयाँ संविधान निर्माणपछि दुईतिहाई बहुमतको सरकार बनेको छ । यो सरकारको प्राथमिक काम नागरिकको मौलिक हक कार्यान्वयन गर्न कानुन बनाएर अगाडि बढ्नु हो । तर सरकार संविधानले निर्दिष्ट गरेको बाटोतिर भन्दा राजनीतिक एकाधिकार कायम गर्ने दुष्प्रयासमा देखिन्छ । राजनीतिक आस्थाकै आधारमा नेकपाका नेता खड्कबहादुर विश्वकर्मा लगायत नेता तथा बाँकी ८ पेजमा

वर्ष ७ अंक १९, २०७५ साल भदौ ८ गते शुक्रबार, नेपाल संवत् ११३८ (Aug. 24, 2018) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

# प्रधानमन्त्री हुनु त इमरान जस्तो

काठमाडौं । १४ वर्ष जेल बसेका र दुईतिहाई बहुमतको सरकारको नेतृत्व गरेका प्रधानमन्त्री केपी ओलीले मुलुकको बागडोर सम्हालेको ६ महिना पुगेको छ । सरकारको ६ महिनाको उपलब्धि राज्यबाटै केही प्रचार सामग्री प्रकाशित गरिए । प्रधानमन्त्रीको कार्यालय र सरकारका मन्त्रीहरुले कार्यकाल सफल भएको दाबी गरे । तर प्रधानमन्त्री ओलीले जनताले अनुभव गर्ने गरेर कुनै सुधारका काम गरेको सतहमा देखिएको छैन । भन्नलाई त उनी आफूलाई राजनीतिक जोगी हुँ भन्छन् तर उनको चलअचल सम्पत्तिले उनी भोगी भएको देखाउँछ । ओलीले आन्तरिक नीतिमा परिणाममुखी काम देखाउन सकेका छैनन् ।



सरकारका नीतिगत परिवर्तन र विनियोजित बजेटले सकारात्मक परिणाम दिने छ भन्नेमा जनता विश्वस्त देखिएका छैनन् । प्रधानमन्त्री ओली नीतिगत परिवर्तन, प्रशासनिक व्यवस्थापन, स्रोत परिचालन, संवैधानिक व्यवस्था कार्यान्वयनतिर भन्दा गफ, वक्तव्य र भाषणमा आफ्नो बढाइँचढाइँ गरिरहेका छन् ।

आफैंले आयोजित गरेको महँगो टेलिभिजन कार्यक्रममा पुग्ने, सञ्चार माध्यमलाई अन्तर्वार्ता दिने, आवश्यक, अनावश्यक कार्यक्रममा गएर लामो भाषण दिएर आफूले सर्वश्रेष्ठ काम गरिरहेको दाबी गर्न उनी एक्टिभ छन् । ओलीको यस्तो सक्रियता राज्यको दैनन्दिन दायित्वभन्दा पर देखिएको छ । १८ घन्टा काम गरिरहेको बताउने प्रधानमन्त्रीले कामको परिणाम यो हो भनेर देखाउन भने सकेका छैनन् । न त उनले दीर्घकालीन र अल्पकालीन योजना बनाउन सकेका छन् न त नीतिगत रुपमा सेवा प्रदायमा रहेका समस्या हल गर्न सकेका छन् । स्थानीय र प्रदेश सरकारका कामलाई प्रभावकारी बनाउन सहयोग नै न त गरेका छन् न त कुनै नयाँ योजना आरम्भ गरेर कार्यान्वयन गराउने प्रयासमै केन्द्रित छन् । प्रधानमन्त्रीको यस्तो कार्यशैलीले समृद्ध नेपाल र सुखी नेपालीको नारा अलपत्र पर्ने सम्भावना बढ्दै गएको छ ।

'मर्निङ सोज द डे' भनेझैं पाकिस्तानका नवनिर्वाचित प्रधानमन्त्री इमरान खानले पाकिस्तानलाई सुखी, सुसम्पन्न राष्ट्र बनाउने राजमार्गमा पाइला अघि बढाएका छन् । गत २५ जुलाईमा सम्पन्न पाकिस्तानी आमनिर्वाचनमा इमरान नेतृत्वको तहरिक ए इन्साफ (पीटीआई) पार्टीले ११९ स्थानमा विजय हासिल गरेसँगै इमरान पाकिस्तानका नयाँ प्रधानमन्त्री बन्ने निश्चित भएको थियो । बहुमतका लागि १३७ सिटको आँकडा छुनबाट पीटीआई १८ सिटले मात्र पछि पर्‍यो । साना दलको सहयोगमा इमरान पार्टी गठन गरेको २२ वर्षपछि आणविक शक्ति सम्पन्न मुस्लिम राष्ट्र पाकिस्तानको २२ औं प्रधानमन्त्री बन्न सफल भएका छन् । स्वच्छ सरकार, भ्रष्टाचार विरोधी कानुन, स्वतन्त्र न्यायपालिका, चुस्त सुरक्षा व्यवस्था र आतंकवाद विरोधी पाकिस्तान जस्ता नाराले उनलाई लोकप्रिय बनायो र नयाँ पाकिस्तानको उनको अभियानलाई पाकिस्तानी जनताले अनुमोदन गरे । क्रिकेटमा पाकिस्तानलाई वर्ल्ड च्याम्पियन बनाएका इमरानले विकास र समुन्नतिमा पनि पाकिस्तानलाई च्याम्पियन बनाउने संकेत देखाएका छन् ।

ब्रिटिस उपनिवेशबाट पाकिस्तान स्वतन्त्र भएको ७१ वर्ष भएको छ । पाकिस्तान र भारत क्रमशः १४ र १५ अगस्तमा सन् १९४७ मा स्वतन्त्र भएका हुन् । पाकिस्तानका संस्थापक मोहम्मद अलि जिन्नाको मृत्युपछि सन् १९५८ मा जर्नेल अयुव खाँले सैनिक 'कु' गरेर सत्तामाथि नियन्त्रण कायम गरे । दुई वर्षपछि उनले आफूलाई राष्ट्रपति घोषणा गर्दै ९ वर्षसम्म शासन गरे । सन् १९६९ मा जनरल अहया खानले सत्तापलट गरेर अयुव खाँलाई हटाइदिए । बेनजिरका बाबु जुलिफकर अलि भुट्टो प्रधानमन्त्री हुने बेलासम्म उनले पाकिस्तानमा शासन गरे । सन् १९७३ मा प्रधानमन्त्री बनेका भुट्टोलाई आफैंले सैनिक प्रमुखमा नियुक्त गरेका जर्नेल जियाउल हकले सन् १९७८ मा सैनिक 'कु' गर्दै आफैं राष्ट्रपति भए र भुट्टोलाई फाँसीमा लट्काइदिए । सन् १९८८ मा विमान दुर्घटनामा परी हकको निधन भयो ।

इतिहास फेरि एकपटक दोहोरियो । सन् १९९९ मा निर्वाचित प्रधानमन्त्री नवाज सरिफलाई 'कु' गर्दै सेना प्रमुख परवेज मुसर्रफले सत्ता आफ्नो हातमा लिए । उनले सन् २००८ सम्म शासन गरे । पाकिस्तानको इतिहासमा कुनै पनि प्रधानमन्त्रीले पूर्ण कार्यकाल सत्ता सम्हाल्न पाएका छैनन् । राष्ट्रपति गुलाम इस्हाक खानले दुई वर्षभन्दा पनि कम समयमै प्रधानमन्त्री पदबाट बर्खास्त गरेका थिए । संविधानको धारा ५८(२) प्रयोग गर्दै भुट्टोलाई हटाएर सन् १९९० मा मध्यावधि निर्वाचन गरिएको थियो । यस निर्वाचनमा पाकिस्तान मुस्लिम लिग (नवाज) ले बहुमत ल्यायो र नवाज बाँकी ८ पेजमा

## सडकका यी सदावहार डन

काठमाडौं । सडक विभागमा सदावहार 'डन' भनेर चिनिने सिनियर डिभिजनल इन्जिनियर कर्णबहादुर रानाभाट विगतमा भ्रष्टाचार गरी कमाएको अकुत राशिमध्येबाट केही अंश रकम बोकी धरान-चतरा-सिन्धुली-हेटौंडा ३१८ किमी सडकमध्ये पश्चिम खण्डको प्रमुख पद जोगाइदिन भन्दै विभिन्न शक्ति केन्द्रहरुमा धाइरहेको बुझिएको छ ।

जागिरे जीवनकालमा सधैंभरि मालदार डिभिजन तथा आयोजनामा बसेर तर मारेका डन इन्जिनियर रानाभाट कांग्रेसी शासनकालमा रामशरण महतलाई ससुराली नाता लगाउँदै ठूलठूला डिभिजन प्रमुख भएर तर मार्थे ।

राजनीतिक परिवर्तनपश्चात अहिले नेकपाका सेकेन्ड ग्रेड नेता कार्यकर्तालाई पक्री पार्टीका हाइकमान्डमा धाइरहेका छन् । डिभिजन सडक काठमाडौं-२, भक्तपुर, पाल्पा, काठमाडौं डिभिजन सडक र धरान-चतरा-गाइघाटमा बसेर ५० औं करोड जम्मा पारेका रानाभाटले अहिले त्यही भ्रष्टाचारको रकम खर्च गरी पुनः त्यही प्रोजेक्टमा थमौती हुने प्रयास गरिरहेका छन् ।

पूर्वप्रधानमन्त्री देउवाकी श्रीमती आरजु राणालाई बोरामा प्याक गरेर बालुवाटार रकम बाँकी ८ पेजमा

## गोपनियताको नाममा नैतिकहीनको संरक्षण

काठमाडौं । सर्वोच्च अदालतका पूर्वन्यायाधीश र न्यायाधीशमा सिफारिस भइसकेका कामु न्यायाधीश समेत शैक्षिक प्रमाणपत्र र जन्ममितिको विवादमा नराम्रोसँग फसिसकेका छन् । अहिले पनि राज्यको उच्च पदमा र राजनीतिको उच्च तहमा पुग्नेहरु नक्कली शैक्षिक योग्यताका बाहक रहेका हुन सक्छन् । अगुल्टाले हानेको कुकुर बिजुली चम्कँदा तर्सन्छ भनेझैं प्रधानन्यायाधीशहरुकै बेइजजती भइसकेको मुलुकमा अरुको समेत मुकुन्डो उघ्रिन बेर लाग्दैन । त्यसैले कानुन बनाएर ढाकछोप गर्ने प्रयासमा राज्य सत्ता लागेको कुरा सरकारले प्रतिनिधि सभामा दर्ता गराएको वैयक्तिक गोपनियताका सम्बन्धमा व्यवस्थापन गर्न बनेको विधेयकले स्पष्ट पार्छ । संविधानले ग्यारेन्टी गरेको पूर्ण प्रेस स्वतन्त्रतालाई नै हनन हुने गरी ल्याइएको विधेयकको चौतर्फी विरोध भइरहेको छ ।

संविधानको धारा १९ मा उल्लेखित सञ्चारसम्बन्धी व्यवस्थाको पूर्ण रुपमा बेवास्ता गर्दै विधेयक बाँकी ८ पेजमा

## चुलियो ब्यापारघाटा

काठमाडौं । आर्थिक वर्ष २०७४।७५ मा नेपालको व्यापारघाटा २६ दशमलब ७ प्रतिशतले बढेर ११ खर्ब ६१ अर्ब ६४ करोड पुगेको छ । सो अवधिमा निर्यात आयात अनुपात ६.५ प्रतिशत कायम भएको छ । अघिल्लो वर्षको सोही अवधिमा ७.४ प्रतिशत रहेकाले व्यापारघाटा चुलिएको केन्द्रीय बैंक नेपाल राष्ट्र बैंकले जनाएको छ ।

राष्ट्र बैंकका अनुसार गत वर्ष कुल वस्तु आयात २५.५ प्रतिशतले बढेर १२ खर्ब ४२ अर्ब ८३ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात २८ प्रतिशतले बढेको थियो । वस्तु आयात गर्ने मुलुकका आधारमा भारतबाट भएको आयात २७.८ प्रतिशतले, चीनबाट भएको आयात २५.५ प्रतिशतले र अन्य मुलुकबाट भएको आयात १९.३ प्रतिशतले बढेको छ ।

आव २०७४।७५ मा कुल वस्तु निर्यात ११.१ प्रतिशतले वृद्धि भई ८१ अर्ब १९ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यात ४.२ प्रतिशतले वृद्धि भएको थियो । गन्तव्यका आधारमा भारततर्फ १२.४ प्रतिशतले चीनतर्फ ४३.४ प्रतिशतले निर्यात बढेको छ । वस्तुगत आधारमा अलैंची, पोलिस्टर यार्न, जुटको बोरा, जस्तापाता, धागो लगायतका वस्तुको निर्यात बढेको छ भने जीआई पाइप, जुटको डोरी, जुस, उनी, गलैंचा, पस्मिना लगायतका वस्तुहरुको निर्यात घटेको छ ।

आर्थिक वर्ष २०७४।७५ मा वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ४.२ प्रतिशतमा सीमित रहेको छ । अघिल्लो वर्ष सो मुद्रास्फीति ४.५ प्रतिशतमा रहेको थियो । समीक्षा वर्षको औसत मुद्रास्फीति आर्थिक वर्ष ०६१।६२ पछिको सबैभन्दा न्यून हो । आपूर्ति व्यवस्थापनमा आएको सुधार तथा भारतमा समेत न्यून मूल्यवृद्धि रहेका कारण समीक्षा वर्षमा समग्र उपभोक्ता मुद्रास्फीतिमा कमी आएको हो । २०७५ असार महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ४.६ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति २.७ प्रतिशत रहेको थियो । वार्षिक औसतभन्दा बिन्दुगत मुद्रास्फीति बढी हुनुले आगामी दिनमा मुद्रास्फीति दबाबमा रहन सक्ने जोखिमको संकेत गर्छ ।

क्षेत्रगत आधारमा विश्लेषण गर्दा समीक्षा वर्षमा वार्षिक औषत उपभोक्ता मुद्रास्फीति हिमालमा ५.९ प्रतिशत, पहाडमा ४.६ प्रतिशत, तराईमा ४.४ प्रतिशत उपत्यकामा बाँकी ८ पेजमा

समय-सन्दर्भ

## संघीयता यो देशका लागि आवश्यक छैन : राम रिझन



राम रिझन यादव

**राम रिझन यादव भुइँचालो साप्ताहिकका सम्पादक तथा स्वतन्त्र पत्रकार हुनुहुन्छ । ८७ वर्षको उमेरमा पनि जोशिलो ढंगले समसामयिक विषयमा आफ्ना धारणा राख्ने यादवले ग्रेटर नेपालको कार्यालयमा आएर व्यक्त गर्नुभएको विचार प्रस्तुत छ :**

संघीयता यो देशका लागि आवश्यक छैन । प्रदेश फटाहाहरुका लागि मात्र हो । संघीयताले देश टुक्र्याउने खतरा बढेको छ । नेपालले अन्तर्राष्ट्रिय छवि गुमाएको छ । नेपालको पहिला अन्तर्राष्ट्रिय मञ्चमा जुन गरिमा थियो त्यो नेताहरुले कायम गर्न सकेनन् । नेताहरुको अन्तर्राष्ट्रिय सम्बन्ध र भ्रमण आदानप्रदान चीन र भारतमा सीमित भएको छ । त्यसमा पनि हाम्रा प्रधानमन्त्री केपी ओली भारतका विदेश मन्त्रीसँग समेत लम्पसार पर्छन् । पूर्वप्रधानमन्त्रीहरु भारतका विदेशमन्त्रीलाई भेट्न लाइन लागेर होटलमा पुग्छन् । अनि कहाँबाट रहन्छ नेपाल र नेपालीको इज्जत-प्रतिष्ठा । कूटनीतिक आचरण र मर्यादा समेत थाहा नपाउने नेताहरुका लागि अहिले संघीय गणतन्त्र बाँदरको हातमा नरिवल जस्तो बनेको छ ।


जनताले सुख पाउने आशाले भोट दिए तर त्यो जनताको भोटलाई यिनीहरुले भ्रष्टाचार गर्ने लाइसेन्स बनाए । देशका महत्वपूर्ण पदहरुमा आफ्ना नातागोता, ज्वाइँचेला आसेपासे भर्ति गरेर भ्रष्टाचार र अनियमिततालाई बाँकी ८ पेजमा

## कर बढाउँदै चीन र अमेरिका

काठमाडौं । संयुक्त राज्य अमेरिका र चीनले एकअर्का मुलुकका सवारीसाधन, कारखाना उपकरण तथा अन्य सामग्रीमा हिजो अर्बौं डलरको करबृद्धिको घोषणा गरेका छन् । दुई महिनाको बीचमा दुबै मुलुकका उच्च अधिकारीको दोस्रो बैठक बसेलगत्तै दुबै मुलुकले करमा २५ प्रतिशत वृद्धि गरेका छन् । बुधबार मात्र आरम्भ भएको दुईदिने वार्ताको विस्तृत विवरण भने प्रकाशमा ल्याइएको छैन ।

सवारी साधन र धातुजन्य बस्तु समेतका दुवै मुलुकका १६ अर्ब डलर बराबरका सामग्रीमा दण्डजरिवाना लाग्नेछ । गत महिना पनि दुबै मुलुकले एकअर्काका ३४ अर्ब डलरका सामानमा करबृद्धि गर्ने घोषणा गरिएको थियो । पहिलो चरणको करबृद्धि भनिएको यो घोषणासँगै दुबै मुलुकबीच अब ५० अर्ब डलर बराबरका सामानमा करबृद्धि हुनेछ । बाँकी ८ पेजमा

## कञ्चनपुरमा गोली चल्यो



काठमाडौं । बालिका निर्मला पन्तका वास्तविक दोषीलाई पक्राउ गर्न माग गर्दै चार दिनदेखि महेन्द्रनगरमा जारी प्रदर्शन बिहीबार झनै उग्र भएको छ । भीमदत्त नगरपालिकाका विभिन्न क्षेत्र तथा जिल्लाका अन्य भागमा पनि बालिकाका हत्यारालाई कारबाही माग गर्दै थालिएको प्रदर्शन झन् चर्किंदै गएको हो । विभिन्न अनलाइनहरुमा प्राप्त समाचारअनुसार हिजो दिउँसो भीमदत्त नगरपालिकास्थित जिल्ला प्रशासन कार्यालय नजिकै प्रदर्शनकारी र प्रहरीबीच रक्तपातपूर्ण झडप भएको बाँकी ८ पेजमा

## सवा चार लाख घरमा गोबरग्यास

काठमाडौं । प्रधानमन्त्री केपी ओलीले विराटनगरमा गोबरग्यास परियोजना उद्घाटन गरेका छन्। वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले १४ महिनाअघि सुरु गरेको परियोजनाबाट ३२ घरमा ग्यास पुग्छ।

विश्व बैंकको सहयोगमा वैकल्पिक ऊर्जा केन्द्र र विराटनगर महानगरपालिकाको सहयोगमा करिब १ करोड लगानीमा श्रीकृष्ण गौशालामा प्लान्ट स्थापना गरिएको हो। गौशालामा पालिएका गाईहरूको दैनिक संकलन गरिएको गोबर ३ सय घनमिटरको प्लान्टमा हालेर मिथेन ग्यास उत्पादन गरी बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि

सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाई

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

सम्पादन सहयोगी : गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# बिचौलियामुक्त कृषि बजारको खाँचो

नेपाल कृषि प्रधान मुलुक हो । पानी राम्रोसँग परेर समयमै खेतीपाती लगाउँदा मुलुकको वार्षिक आयमा वृद्धि हुन्छ । यसपल्ट पनि पानी राम्ररी परेकाले राष्ट्र बैंकले धान राम्रो फल्ने अनुमान गर्दै मुलुकको वार्षिक आय ८ प्रतिशतसम्मले वृद्धि हुने निष्कर्ष निकालेको छ । यसरी अहिलेसम्म पनि सिंगो अर्थतन्त्रको उतारचढावमा प्रत्यक्ष प्रभाव पार्ने कृषि क्षेत्रको उचित बजारीकरण हुन सकेको छैन । जसले गर्दा किसान र उपभोक्ता दुब्लाउने बिचौलिया मोटाउने प्रक्रियाले निरन्तरता पाइने रहेको छ । बजारमाथि बिचौलियाको पूर्ण रूपमा नियन्त्रण भएका कारण उपभोक्ता र किसान ठूलो मारमा परिरहेका छन् ।

काठमाडौंको सबैभन्दा पुरानो र ठूलो फलफूल तथा तरकारी बजारका रूपमा रहेको कालिमाटीको बजारमा गएको सरकारी अनुगमन टोली बिचौलियाबाट थुनिएपछि प्रहरी टोली परिचालन गरेर सरकारी टोलीको उद्धार गर्नुपरेको घटनाले बिचौलिया कति शक्तिशाली छन् भन्ने प्रस्ट हुन्छ । बिचौलियाको शक्ति बजारमा मात्र सीमित छैन । सरकारको अदूरदर्शी नीतिका कारण बिचौलियाले किसानका खेतबारीसम्म नै पहुँच बनाएका छन् । किसानलाई मल, बिऊ र कीटनाशक औषधिमा केही रकम लगानी गरिदिएर सिंगो तरकारी बारीमा नै बिचौलियाले पकड जमाइरहेका छन् । किसानले आफ्नो सम्पूर्ण उत्पादन बिचौलियाले निर्धारण गरेको मूल्यमा दिने शर्तमा बिचौलियाको लगानी स्वीकार्ने गरेका छन् । जसको परिणाम स्वरूप किसानको खेतमा २५ रूपैयाँ प्रतिकेजी परेको काउली उपभोक्तासम्म पुग्दा ११० रूपैयाँ केजी पर्न जान्छ ।

सरकारको एक घन्टे प्रयासले मात्र बिचौलियाको सञ्जाल भत्किन सक्दैन भन्ने कुरा किसान र बिचौलियाबीचको आर्थिक सम्बन्धले स्पष्ट पार्छ । सरकार साँच्चीकै किसान र उपभोक्ताको हित चाहन्छ भने किसानलाई कृषि सहकारीमा प्रोत्साहन गरी अनुदानको व्यवस्था पनि मिलाइदिनुपर्छ । सहकारीमार्फत सरल ब्याजदरमा ऋण र बजार सुविधा उपलब्ध भएका खण्डमा बिचौलिया आफैं पाखा लाग्छन् र किसान र उपभोक्ता दुवैको हित संरक्षण पनि हुन जान्छ ।

अहिले व्यावसायिक कृषिका क्षेत्रमा पढे लेखेका युवा र वैदेशिक रोजगारबाट फर्किएका युवाहरू आकर्षित भइरहेका छन् । सर्वसाधारण किसानका हातमा रहेको र परम्परागत ढंगले चलेको कृषिमा युवा सहभागिताले पक्कै पनि नयाँ आयाम थपिनेछ । युवा शक्तिको जोश जाँगरलाई राज्यले प्रोत्साहन गर्न सकेको खण्डमा मात्र युवा शक्ति कृषि क्षेत्रमा टिकेर रहन सक्छन् । कतैबाट प्रोत्साहन मिलेन भने उनीहरूमा निराशा र कुण्ठा पैदा हुन्छ । कृषि क्षेत्रको काम भनेको रहरको विषय होइन । फर्म खोलेर कामदारको भरमा फर्म चलाउन खोज्नेहरू लगानीकर्ता समेत कामदारसँगै रातदिन खटिएन भने कृषि क्षेत्रबाट लाभ लिन सकिँदैन । त्यसैले यस क्षेत्रमा लगानी गर्दा निरन्तर अभ्यास र दृढ विश्वासको खाँचो सर्वोपरि रहेको छ ।

अर्कोतर्फ सरकारले आन्तरिक उत्पादनलाई प्रोत्साहन गर्न र व्यापारघाटा कम गराउन कृषिमा आत्मनिर्भर बन्न सक्ने योजना अगाडि सार्नुपर्छ । छिमेकी मुलुकबाट सयौं ट्रक तरकारी नेपाल भित्रिने तर नेपाली किसानले भारत निर्यात गर्न खोजेको तरकारी बोर्डरमा रोकिने प्रथाको तत्काल अन्त्य गरिनुपर्छ । नेपालमा पर्याप्त उत्पादन हुने वस्तुको आयातमा प्रतिबन्ध लगाइनुपर्छ । मल, बिउ, किटनाशक, कृषि औजार तथा सिंचाइ, भण्डारण र बजारको उचित व्यवस्थापन भएको खण्डमा कृषि क्षेत्रले गुणात्मक फड्को मार्छ र उपभोक्ता र उत्पादक समेत लाभान्वित बन्नेछन् । अन्यथा सरकार र बिचौलियाको रडाको सधैं रहिरहने छ भने किसान र उपभोक्ता ठगिने क्रम पनि यथावत रहनेछ ।

# अमेरिका–उत्तर कोरिया सम्बन्ध युद्धबिरामदेखि शिखरवार्तासम्म



**सुरेन्द्र ढकाल**
पोलिटब्युरो सदस्य
(नेकपा माले)

अमेरिका र उत्तर कोरियाबीचको शत्रुताको प्रमुख कारण शीत युद्ध हो । यही कारण १९औं शताब्दिको मध्यतिर नै उत्तर कोरियाले आफ्नो सीमा पश्चिमी देशहरुको लागि बन्द गरेको थियो । कोरिया र अमेरिकाबीचको सम्बन्धको इतिहास खोतल्दै जाँदा सन् १८६६ को जनरल सेरमन घटना उल्लेख गर्नुपर्ने हुन्छ । त्यतिखेर कोरियाली सैनिकहरुले नआउ भन्दाभन्दै ब्यापार विषयमा कुरा गर्न आएको अमेरिकी युद्धपोतलाई आक्रमण गरी चालक दलका सदस्यहरुलाई मारेपछि अमेरिकाले त्यसको प्रतिउत्तरमा सिन मियाङ ओमा आक्रमण गरेका थिए । पछि १८८२ मा अमोरिका र कोरियाबीच ब्यापारिक सम्बन्ध कायम भयो तर त्यो सम्बन्ध सन् १९०५ तिर जाँदा पुनः बिग्रिएको थियो । त्यो बिग्रनुको कारण जापानले अमेरिकालाई कोरिया जापानको प्रभाव क्षेत्रभित्र पर्दछ भनेर मनाएको थियो र त्यसको ५ वर्षपछि जापानले कोरियालाई आफूमा मिलाएको थियो । प्रथम विश्व युद्धपछिको भर्साइको सन्धिताका कोरियाली राष्ट्रवादीहरुले अमेरिकी राष्ट्रपति विड्रो विल्सनको आत्मनिर्णयको सिद्धान्तअनुरुप कोरियाको स्वतन्त्रताको पक्षमा उभिन अमेरिकालाई अनुरोध पनि गरेका थिए जुन सफल भएन ।

दोस्रो विश्वयुद्धपश्चात विश्व पुँजीवाद र समाजवादी खेमामा विभक्त हुन पुग्यो जस्को कारण कोरिया पनि 38th Parallel को उत्तर र दक्षिण गरी विभाजित हुन पुग्यो । अमेरिका र सोभियत संघबीच शीत युद्ध चुलिएको कारण यी दुई कोरियाबीच एकिकरण हुन सकेन र उनीहरु विभाजितै रहे । त्यतिखेर दक्षिण कोरियामा अमेरिकी सैनिक तैनाथ थिए भने उत्तर कोरिया सोभियत सैनिकको मातहतमा संचालित थियो । त्यसै अवस्थामा सेप्टेम्वर ९ १९४८ मा कीम इल सुङले प्रजातान्त्रित जनगणतन्त्र कोरियाको स्थापना गरे जसलाई सोभियत संघले तुरुन्तै मान्यता दियो भने अमेरिकाले मान्यता दिएन । उत्तर कोरियालाई युद्धमा परास्त गर्ने र जनरल किमइल सुंगलाई पक्री युद्ध अपराधको मुद्दामा बन्दी बनाउने अमेरिकी जनरल डग्लस म्याकार्थरको योजना सफल नभएपछि सन १९५० को डिसेम्वरबाट नै उत्तर कोरियामाथि अमेरिकाले आर्थिक नाकाबन्दी लगायो । सन् १९६० को शुरुमा धेरै अमेरिकी जनरलहरु दक्षिणबाट भागेर उत्तर कोरिया पुगे । ती जनरलहरुलाई अमेरिकी अदालतले शत्रुलाई सहयोग गरेको मुद्दा लगाएको थियो । ती जनरलमध्ये चार्ल्स जेन्किन्स अमेरिका फर्के भने अरुको मृत्यु उत्तर कोरियामा भएको थियो । उता सन् १९६८ को जनवरी २३ का दिन उत्तर कोरियाली सैनिकहरुले एक अमेरिकी जासुसी जलपोतलाई आफ्नो नियन्त्रणमा लिए र अप्रिल २५ मा १९६९ मा जापानी समुद्रमा लगी त्यसलाई ध्वस्त बनाइदिए जस्मा ३१ अमेरिकीहरुको ज्यान गएको थियो । यस घटनालाई प्युब्लो घटना भनिन्छ ।

त्यसै गरी सन् १९७६ को अगष्ट १८ का दिन अमेरिकी क्याप्टेन आर्थर वोनिफास र लेफ्टिनेन्ट मार्क बेरेटलाई पानमुनजोमको गैरसैनिक क्षेत्रमा रुख काटिरहेको अवस्थामा उत्तर कोरियाली सैनिकहरुले मारिदिएका थिए । यस कुरालाई लिएर श्रीलंकामा भइरहेको असंलग्न राष्ट्रहरुको शिखर सम्मेलनमा उत्तर कोरियाली नेता किम जोङ इलको ध्यानाकर्षण गराउँदा उनले अमेरिकी सेनाले सीमा क्षेत्रमा अतिक्रमण गरेको कारण उक्त कारबाही गर्न परेको बताउँदै दक्षिण कोरियाबाट तुरुन्त अमेरिकी सेना हटाउन माग गरे । त्यतिखेर अमेरिकामा गेराल्ड फोर्ड राष्ट्रपति थिए । उनले उक्त घटनाको कारण उत्तर कोरिया विरुद्ध कुनै शक्ति प्रयोग नगर्ने निर्णय लिए । अमेरिकी राष्ट्रपति बिल क्लिन्टनको पालामा सन् १९९४ मा अमेरिकाले आणविक अप्रसार सन्धिविरुद्ध उत्तर कोरियाले भित्रभित्रै आणविक बम बनाइरहेको भन्दै सो जाँच गर्न उत्तर कोरिया पठाइएको अन्तर्राष्ट्रिय निरीक्षणहरुको टोलीलाई उत्तर कोरियाले आफ्नो देशमा प्रवेश गर्न नदिएपछि पुनः उत्तर कोरिया र अमेरिकाबीच युद्ध भइहाल्न हो कि भन्ने अवस्था सिर्जना भएको थियो । तर युद्ध छेडिहाल्न भने अमेरिकाले सकेन । अमेरिकाले त्यतिखेर उत्तर कोरियाको योङब्योनमा रहेको आणविक केन्द्र ध्वस्त बनाउने योजना बनाएको थियो तर पछि पेन्टागन त्यसबाट पनि पछि हट्यो ।

तत्पश्चात सन् १९९४ को डिसेम्बरमा उत्तर कोरियाली क्षेत्रमा प्रवेश गरेको भन्दै उत्तर कोरियाली सैनिकहरुले अमेरिकी हेलिकप्टरलाई गोली हानेर खसालिदिए जस्मा पाइलटको मृत्यु भएको थियो भने बाँचेको अर्को एकजनालाई १३ दिन हिरासतमा राखेर छोडिदिए ।

क्लिन्टनपछि राष्ट्रपति बनेका जर्ज बुसको पालामा उत्तर कोरियाबाट स्कुड मिसाइल लिएर एमनतर्फ गइरहेको स्पेनिस पानीजहाजलाई अमेरिकी सेनाले आफ्नो कब्जामा लिई दुई दिनपछि छाडिदिएको कुरालाई उत्तर कोरियाले गैरजिम्मेवारी भन्दै त्यसलाई सामुद्रिक डाकुको संज्ञा दियो । यसले गर्दा अमेरिका-उत्तर कोरियाको सम्बन्ध झनै बिग्रियो । अमेरिकाले त्यसैताका सन् १९८९ तिर उत्तर कोरियाले हरेक वर्ष १ करोड ५० लाख अमेरिकी डलर आफ्नो देशमा छापी मकाउमा रहेको बैंकहरुलाई सो डलर स्वीकारी आफूसँग ब्यापार गर्न दबाब दिएको अभियोग लगायो जुन कुरा प्रमाणित हुन सकेन ।

### सम्बन्ध सुधारका प्रयासहरु

पछि उत्तर कोरियासँग सम्बन्ध सुधार्ने प्रयास भन्दै बुस प्रशासनले द वासिंगटन टाइम्सका अध्यक्षलाई अनौपचारिक रुपमा उत्तर कोरिया पठाएका पनि थिए । त्यसैको फलस्वरुप कोरियाली प्रायद्विपलाई आणविक मुक्त क्षेत्र बनाउने भन्दै फेब्रुअरी १३ २००७ मा भएको ६ पक्षीय सहमतीले प्योङयाङसँगको सम्बन्धलाई सामान्यकरण गर्ने कार्य योजना अघि सारेको थियो । ती ६ पक्षहरुमा अमेरिका, दुई कोरिया, जापान, चीन र रसियाले भाग लिएका थिए । यस सहमतीअनुसार अमेरिका र उत्तर कोरियाबीच भएको युद्धबिरामलाई शान्ति सम्झौतामा परिणत गर्ने कुरा थियो । तर उत्तर कोरियाले भने आफूलाई आवश्यक ऊर्जाको सहयोग अमेरिकाले गर्ने भएमा मात्र योङब्योनको आणविक भट्टी बन्द गर्ने कुरा जनायो । उता अमेरिकाले भने उत्तर कोरियाले सम्बन्ध सामान्यकरण गर्न चाहन्छ भने आतंककारी राज्यको सूचीबाट उत्तर कोरियालाई हटाउन आफू तयार रहेको बतायो । यसै सम्बन्धको ढाँचालाई कार्यरुपमा परिणत गर्न मार्च १९ २००७ मा सम्बद्ध राष्ट्रहरुबीच छैठौं राउण्डको छलफलको आयोजना पनि भयो । सम्बन्ध सुधार्ने प्रयासस्वरुप जून २००८ मा बुस प्रशासनले उत्तर कोरियामाथिको नाकाबन्दी हटाउने भनेपछि उत्तर कोरियाले ६० पेज लामो एक घोषणापत्र जारी गर्दै आफ्नो आणविक कार्यक्रमबारे प्रकाश पाऱ्यो र त्यसको लगत्तै योगब्योनको आणविक केन्द्र नष्ट गरेको भिडियो सार्वजनिक गऱ्यो । यसलाई बुस प्रशासनले स्वागतयोग्य कदम भन्दै प्रशंसा पनि गरेको थियो ।

### मोगादिसु मुठभेड

नोभेम्बर ४, २००७ का दिन उत्तर कोरियाली ब्यापारिक जलपोतमाथि सोमाली सामुद्रिक डाकुहरुले मोगादिसुको बन्दरगाह नजिकै आक्रमण गरे । त्यतिखेर अमेरिकी जलसेनाले त्यस क्षेत्रमा पेट्रोलिङ गरिरहेको थियो । त्यतिखेर २२ उत्तर कोरियालीहरु आठ सामुद्रिक डाकुसँग मुठभेड गरिरहेका थिए । अमेरिकी जलसेनाको कमाण्डर जेम्स विलियम्सले हेलिकोप्टर लिएर गई उत्तर कोरियाली जलपोतलाई डाकाबाट बचाइ घाइतेहरुलाई उपचार समेत गरिदिएपछि अमेरिकाको उक्त कार्यको उत्तर कोरियामा ठूलो प्रशंसा भयो र उत्तर कोरियाको सरकार फेब्रुअरी १३ को ६ पक्षीय सहमती कार्यान्वयन गर्न तत्पर देखियो । सम्बन्ध सुधार भएको आभाष दिन २००८ को फेब्रुअरीमा अमेरिकी संगीतज्ञहरुको टोली उत्तर कोरिया गई आफ्नो संगीत कार्यक्रम प्रस्तुत गऱ्यो जसलाई उत्तर कोरियाली सरकारी टेलिभिजनले देशभर प्रचार गरेको थियो ।

सुध्रँदै गएको अमेरिकी उत्तर कोरियाली सम्बन्ध दुई अमेरिकी पत्रकार एउना ली र लाउरा लिङलाई उत्तर कोरियालीहरुले मार्च १७, २००९ मा पक्रेर थुनेपछि फेरि बिग्रने लक्षण देखियो । यी दुई पत्रकारहरु चीन र उत्तर कोरियाको सीमामा समातिएका थिए । उनीहरु त्यहाँ महिलाको गैरकानुनी ओसारपसार सम्बन्धी डकुमेन्टरी सुटिङ गरिरहेका थिए । यिनीहरुलाई उत्तर कोरियाली अदालतमा उभ्याइयो र अदालतले उनीहरुलाई कठोर श्रमसहितको १२ वर्षे कैद सुनाएको थियो । उत्तर कोरियाको यो कार्यको अमेरिका र विश्वभर विरोध भयो । पछि अगष्ट ४, २००९ मा अमेरिकी पूर्व राष्ट्रपति बिल क्लिन्टन आफैं उत्तर कोरिया गई राष्ट्रपति किम जोङ इलसमक्ष उनीहरुलाई छोड्न अपिल गरेबमोजिम राष्ट्रपति किमले उनीहरुलाई सजाय माफ गरिदिए । क्लिन्टन उनीहरुलाई आफैंसँग लिएर लस एन्जेलस फर्के । उक्त भ्रमणकालमा दुवै नेता क्लिन्टन र किमले दुई देशबीचको विविध सम्बन्धको पक्षमा कुराकानी भएको बताइएको थियो ।

### सम्बन्ध झनै बिग्रियो

क्लिन्टनको भ्रमणपश्चात सुध्रने संकेत देखिएको अमेरिकी उत्तर कोरियाली सम्बन्ध दक्षिण कोरियाको पानीजहाज किओनान डुब्नुले फेरि बिग्रन गयो । अमेरिकाले उक्त जहाज डुबेको नभै टोरपेडो नामक उत्तर कोरियाली युद्ध जलपोतले डुबाएको हवाला दियो । राष्ट्रपति ओवामाको प्रशासनले यस किसिमको कार्यले बन्न लागेको शान्ति बिथोलिएको भन्दै चिन्ता व्यक्त गऱ्यो । यसै विषयमा कुरा गर्ने भनी जुलाई २०१० मा राखेको बैठक उत्तर कोरियाले अनिश्चित कालसम्मको लागि स्थगित गरिदियो । यसको दुई वर्षपछि मार्च १६, २०१२ मा उत्तर कोरियाले आफ्ना स्वर्गीय नेता किम इल सुङको १०० औं जन्म दिवसको अवसरमा क्वाङम्योङसोङ ३ भूउपग्रह अन्तरिक्षमा प्रक्षेपण गर्ने घोषणा गऱ्यो । त्यतिखेर किम जोङ इलको मृत्यु भई उनका नौजवान छोरा किम जोङ उन उत्तर कोरियाको राष्ट्रप्रमुख भइसकेका थिए । यस भूउपग्रह प्रक्षेपणपछि उत्तर कोरियाले मिसाइल पनि प्रक्षेपण गर्ला भनी त्यसको विरोध गर्दै अमेरिकाले उत्तर कोरियालाई दिएको खाद्य सहयोग बन्द गऱ्यो । उत्तर कोरियाले पनि त्यसको जवाफमा डिसेम्बर ११, २०१२ को दिन सफलतापूर्वक आफ्नो मिसाइल प्रक्षेपण गऱ्यो । त्यस मिसाइल बेलेस्टिक हुन सक्ने र त्यसले अमेरिकाको पश्चिम समुद्री किनारसम्म हान्न सक्ने भन्दै अमेरिकाले त्यस प्रक्षेपणको पनि खुलेर विरोध गऱ्यो । त्यसको लगत्तै मार्च २९, २०१३ मा मार्सल किम जोङ उनले प्रशान्त क्षेत्रमा रहेको अमेरिकी सैनिक अखडामा रकेट आक्रमण गर्ने भन्दै अमेरिकालाई चेतावनी दिए । यस चेतावनीलाई गम्भीर रुपले लिँदै अमेरिकाको रक्षा विभाग पेन्टागनले पश्चिमी प्रशान्त क्षेत्रमा अति नै अग्रगामी मिसाइल सुरक्षा प्रणाली जडान गरी उत्तर कोरियाको आक्रमणलाई निस्तेज बनाउने जनायो । अमेरिकाले उत्तर कोरियाको यो धम्की अमेरिकालाई मात्र नभै जापान र दक्षिण कोरियासमेतलाई भएको जनायो र त्यसको लगत्तै प्रशान्त क्षेत्रमा रहेको अमेरिकी सैनिक अखडा गुआममा अमेरिकाले यस्तो मिसाइल प्रतिरोधात्मक यन्त्र जडान पनि गऱ्यो । यसै क्रममा अमेरिकी परराष्ट्र मन्त्री जोन केरीले अप्रिल १२, २०१३ मा सोलको भ्रमण गरी उनले उत्तर कोरियालाई आणविक शक्ति कुनै हालतमा पनि मान्न नसकिने बताए । उत्तर कोरियाले पनि संयुक्त राष्ट्रसंघले उत्तर कोरियामाथि लगाएको नाकाबन्दी र प्रशान्त महासागर क्षेत्रमा भइरहेको अमेरिका र दक्षिण कोरियाली संयुक्त सैनिक अभ्यास बन्द नभएसम्म उसले अमेरिकासँग कहिँ पनि वार्ता नगर्ने जनायो । सम्बन्ध बिग्रँदै जाँदा अप्रिल २६, २०१३ मा उत्तर कोरियाले आफ्नो देशविरुद्ध षड्यन्त्र गरेको भन्दै एक अमेरिकी नागरिक केनेथ बेलाई पक्रेर १५ वर्षको कडा श्रमसहितको सजाय सुनायो । अमेरिकाले उनलाई छोड्न गरेको आग्रहलाई उत्तर कोरियाले लत्याइदियो । त्यस्तै अपराध भनी जून २०१४ मा उत्तर कोरियाले फेरि दुई अमेरिकी नागरिकलाई पक्ऱ्यो । त्यसको लगत्तै अमेरिकी लोकसभाले उत्तर कोरियामाथि अझै कडा आर्थिक नाकाबन्दी लगाउने भन्दै नयाँ विधेयक पारित गऱ्यो जसलाई अमेरिकी माथिल्लो सदन सिनेटले पास गरेन । यता प्रशान्त महासागर क्षेत्रमा अमेरिका दक्षिण कोरिया संयुक्त सैनिक अभ्यासले निरन्तरता पाइरह्यो र राष्ट्रपति बाराक ओबामाले कुनै पनि बेला उत्तर कोरिया पतन हुने कुरामा आफू विश्वस्त भएको जनाए । त्यस भनाइको प्रतिक्रियास्वरुप अमेरिकासँगको सम्बन्धका ज्ञाता मानिएका एक उत्तर कोरियाली कुटनीतिज्ञले अमेरिकाले उत्तर कोरियामाथि नाकाबन्दी मात्रै नलगाई युद्ध घोषणा गर्न लागेको भन्दै मार्सल किमजोङ उनलाई तारो बनाएको खुलासा गरे ।

यता अप्रिल ७, २०१७ का दिन अमेरिकाले सिरियाको सेरातमा मिसाइल आक्रमण गरेपछि उत्तर कोरियामाथि पनि ट्रम्प प्रशासनले यस्तै आक्रमण गर्ने भन्ने हल्ला बाहिर आयो । विश्वभरका मिडियाहरुले उत्तर कोरियामाथि आक्रमण गर्ने भन्दै अमेरिकाले जापानको समुद्रमा कार्ल भेन्सन सुपर क्यारियर नामक हवाइ युद्धपोत राखेको हवाला दियो । तर यथार्थमा त्यो यन्त्र अमेरिका र अष्ट्रेलियाको संयुक्त सैनिक अभ्यासको लागि गरिएको र उत्तर कोरियाबाट ३५ हजार माइल टाढा हिन्द महासागरमा थियो भन्ने कुरा पछि गएर मात्रै खुल्यो । यस हवाई युद्धपोतले दक्षिण चिनिया सागरमा नियमित रुपमा निगरानी राख्न थाल्यो र जुलाई २०१७ मा अमेरिकी विदेश विभागले कोही पनि अमेरिकीलाई उत्तर कोरिया जान निषेध गऱ्यो । तर त्योभन्दा पहिले नै उत्तर कोरिया छोड्न लागेका एक अमेरिकी नागरिक टोनी किम प्योङयाङ अन्तर्राष्ट्रिय विमानस्थलमा समातिएका थिए जस्लाई कोरियाली अदालतले १५ वर्ष कठोर श्रमसहितको जेल सजाय तोकेको थियो । पछि जुन २०१७ मा बेहोसी अवस्थामा यिनलाई जेल मुक्त गरिएको थियो र अमेरिका पुगेको केही दिनपछि नै यिनको मृत्यु भएको थियो । उनको मृत्यु आफ्नो कुनै हात नभएको उत्तर कोरियाले जनाए तापनि अमेरिकाले उत्तर कोरियामाथि आर्थिक नाकाबन्दी झनै कठोर बनायो ।

त्यसैबीच वासिंगटन पोस्टले उत्तर कोरियाले सजिलै अमेरिकाको मुख्य भूमिसम्म पुग्न सक्ने आणविक युद्धपोतको सफलतासाथ विकास गरेको समाचार प्रक्षेपण गऱ्यो । त्यसको लगत्तै राष्ट्रपति ट्रम्पले विश्वले कहिले नदेखेको विनाश अब उत्तर कोरियालीहरुले देख्दैछन् भनी उत्तर कोरियालाई चेतावनी दिए । उत्तर कोरियाले पनि त्यसलाई चुनौति दिँदै गुआम लगायत प्रशान्त क्षेत्रमा रहेको अमेरिकी सैनिक अखडाहरुमा निगरानी राख्ने जनाउ दिँदै जापानको आकाशमाथि दुई मिसाइल प्रक्षेपण गरी आणविक परीक्षण समेत गऱ्यो । राष्ट्रपति ट्रम्पले अब उत्तर कोरियालाई पूर्णरुपमा ध्वस्त गरी आफ्ना सहयोगी देशहरुको रक्षा गर्नुबाहेक अरु विकल्प नभएको कुरा सेप्टेम्वर २०१७ मा संयुक्त राष्ट्र संघको महासभालाई सम्वोधन गर्दै बताए । त्यसको लगत्तै सेप्टेम्वर २३ तारिखका दिन अमेरिकी बम्बर र इगल फाइटर नामक अमेरिकी हवाई युद्धपोत उत्तर कोरियाको पूर्वी आकाश उड्न थाल्यो । उत्तर कोरियाले तिनलाई मिसाइल आक्रमण गरी खसाल्ने बताए तापनि आक्रमण चाहिँ गरिहालेन । उत्तर कोरियाली नेता किम जोङ उनले ट्रम्पको भनाइलाई पागलपन बताउँदै अमेरिकाको सबै किसिमका आक्रमणलाई परास्त गर्ने बताए । त्यस्को लगत्तै नोभेम्बर २८, २०१७ मा उत्तर कोरियाले सायन नदीबाट अन्तरमहाद्विपीय बेलेस्टिक मिसाइल प्रक्षेपण गरी जापानी समुन्द्रमा लगेर ओरालेपछि अब दुवै पक्ष वार्ता गर्नैपर्ने कुरामा विश्वस्त हुन पुगे । मे २०१८ भित्रै ट्रम्प किम शिखर वार्ता गराउने कुरा चले तापनि जुन १२ वार्ता गर्ने दिन तोकियो । यसलाई दक्षिण कोरियाली राष्ट्रपतिले आठौं आश्चर्यको संज्ञा दिए । मार्सल किमले दक्षिण कोरिया र अमेरिकाको संयुक्त सैनिक अभ्यास बन्द नगरुन्जेल त्यस्तो वार्तामा आफू नबस्ने बताएपछि ट्रम्पले पनि मे २४ तारिखका दिन वार्ता नहुने ठोकुवा गरे । तर दुवै नेताले भने जस्तो भएन । दुई शत्रु पक्षबीच सिंगापुर पहिले भनेकै जुन १२ को मितिमा सिंगापुरमा वार्ता भई दुई देशबीच ऐतिहासिक सम्झौता भयो । सम्झौताअनुसार उत्तर कोरियाले उत्तर र दक्षिण कोरियाबीच केही महिनाअगाडि भएको पानमुनजोम घोषणा कार्यान्वयन गर्ने आफ्नो प्रतिबद्धता जनायो र युद्धबन्दीहरु साटासाट र भविष्यमा सम्बन्धहरुलाई अझ दरिलो बनाउन दुवै पक्ष सहमत भए । उत्तर कोरियाको सरकारी रेडियो तथा टेलिभिजनहरुले शिखर वार्तापछि शान्तिको नयाँ युग सुरु भएको समाचार प्रसार गरेपछि उत्तर कोरियामा टाँसिएका अमेरिका विरोधी नाराहरु निकालियो । यद्यपि जुन २४ तारिखका दिन राष्ट्रपति ट्रम्पले शिखर वार्ता र सहमतिको बाबजुद पनि उत्तर कोरिया अझै त्रासको कारक तत्व भएको भन्दै नाकाबन्दी कायमै राख्ने बताएका छन् ।

# मैले देखेको साठीऔं विश्व सम्पदा :
# स्टकहोमको सेन्ट निकोलाई चर्च

सुरेन्द्र ढकाल



अगाडिबाट हेर्दा सेन्ट निकोलाई चर्च यस्तो देखिन्छ


चर्चभित्रको ड्र्यागनको मूर्ति


चर्चभित्रको सन डग पेन्टिङ


चर्चको अगाडि सुरेन्द्र सन् १९८९ मा


चर्चभित्र क्राइस्टलाई झुण्ड्याइएको काठको मूर्ति


चर्चभित्र मुख्य प्रार्थना हल


चर्चभित्र राजपरिवार बस्ने भेल्भेटले मोरिएको बेन्चहरू

सामुद्रिक कन्या र कोपनहेगनको दरबार क्षेत्र अवलोकन गरिसक्दा दिनको १:३० बजेको थियो । अब कोपनहेगेनमा हेर्नुपर्ने महत्वपूर्ण कुरा केही नभएको हुँदा म कोपनहेगन सहर पैदलै घुम्दै दिनको दुई बजे कोपनहेगनको मुख्य रेलस्टेसन आइपुगे । त्यहाँबाट २:३० स्वेडेनको राजधानी स्टकहोम जाने रेल छुटदो रहेछ । त्यही रेल लिई म स्टकहोमतर्फ लागे । म स्टकहोम आइपुग्दा बेलुकाको ७:४० भएको थियो । जुलाई महिना अनि उत्तरी ध्रुव नजिकैको युरोपेली सहर के चाहियो घाम लागिरहेको थियो । रेलबाट स्टकहोममा ओर्लने बित्तिकै मैले आन्ना स्कोगलुण्डो भन्ने महिला मित्रलाइ फोन गरेँ । उनीसँग मेरो मित्रता इटलीको रेज्जो कालाब्रियामा इटालियन भाषाको एडभान्सकोर्श गर्दा परिचय भएको थियो । उनीसँग पत्राचार भइरहन्थ्यो र उनले मलाई जहिले पनि स्वेडेन आउ भन्थिन । उनको घर स्टकहोमको टिरोस भन्ने स्थानमा थियो । रेलवे स्टेसनमा करिब १ घण्टा कुरेपछि उनी मलाई लिन स्टेसन आइपुगिन् । अनि हामी दुवै जना ट्राम चढेर उनको घरतर्फ लाग्यौ । ट्रामबाट बाहिर ससाना टापुनैटापुको सहर स्टकहोम देख्दा म निकै रोमान्चित भएको थिएँ । बेलुका नौ बजेतिर हामी घरपुग्यौं । हल्का स्वेडिस डिनर गरी हामी आआफ्नो कोठातर्फ लाग्यौं । बिहान उठ्दा आठ बजेको थियो । दुवैजना मिली ब्रेकफास्ट बनायौं, खायौं अनि अघिल्लो दिन जस्तै उनले मलाई ट्रामबाट स्टकहोम सहरको मुख्य भागमा लगेर छोडी उनी आफ्नो कार्यालयतिर लागिन् अनि म चाहिँ लागे स्टकहोम सेन्ट निकोलाई चर्च अवलोकन गर्नतर्फ ।

### सेन्ट निकोलाई चर्च

यस चर्च स्वेडनेको सबैभन्दा पुरानो र ठूलो चर्च मानिदो रहेछ । यसलाई अनौपचारिक रुपमा स्टकहोम क्याथेड्रल पनि भनिदो रहेछ । स्टकहोमको पुरानो सहरको मध्यभागमा यो चर्च अवस्थित रहेछ । मौलिक रुपमा यस्ले स्टकहोमको मुख्य पेरिस चर्चको कार्य गर्ने र स्टकहोमको लुथेरान विशपको निवास र कार्यालय पनि सन् १९४२ देखि त्यही रहेछ ।

यो चर्चको विशेषता भनेको इटाले गोथिक (Brick Gothic) वास्तु शैलीमा यो चर्चको निर्माण गरिएको रहेछ । स्वेडनेको राजदरबारसँगै रहेको यो चर्च स्वेडनेको उत्तर र पश्चिम जाने मुख्य मार्गमै पर्दो रहेछ । चर्च नजिकका अरु भवनहरुमा स्वेडिस एकेडेमी, विश्व प्रसिद्ध पुरस्कार नोवेलको पुस्तकालय र म्युजिया पर्दा रहेछन् । यो चर्चको प्रमाणिक इतिहास खोतल्दा सन् १२७९ सम्म पुग्दो रहेछ । जुन बेला विरगर जार्ल भन्ने मान्छेले यो चर्च बनाएका रहेछन् । सुरुमा पेरिस चर्च, त्यसपछि १५२७ मा गएर लुथेरान चर्चमा परिणत भएको यस चर्चमा सन् १८७३ मा राजा ओस्कार द्वितीयको राज्यारोहण भएको रहेछ । यस चर्चमा हेर्न लायक कुरा भनेको यस चर्च वास्तुशैली को अतिरिक्त सन् १४८९ मा बनाएको सेन्ट जर्ज र ड्रागनको काठेमूर्ति रहेछ । यी मूर्तिहरु सन् १४७१ मा भएको ब्रुन्केवर्गको युद्ध स्मरण गर्ने उद्देश्यले बनाइएको रहेछ । यसै चर्चभित्र पुरानो स्टकहोम शहरको ठूलो पेन्टिङ (The Sun Dog) पनि राखिएको रहेछ ।

यो पेन्टिङ स्वेडनका विद्वान तथा सुधारक ओलाउस पेट्री राख्न लगाएका रहेछन् । चर्चभित्र रहेको पादरीले प्रार्थना गर्दा बोल्ने ठाउँ जस्लाई पल्पिट भनिन्छ त्यसको निर्माण सन् १६९८ मा सुरु गरी १७०२ मा चार वर्ष लगाइ सम्पन्न गरिएको रहेछ । स्वेडनमा पछि बनाइएका चर्चहरुमा भएका पल्पिटहरु यसैको नककल गरी बनाइने गरिएका रहेछन् । पल्पिट जाने ढोकामा क्राइष्टको टाउकोले सिँगारिएको रहेछ भने पल्पिटकै मुन्तर फलामको रेलिङले घेरेर ओलाउस प्रट्रीको चिहान राखिएको रहेछ ।

चर्चको मुख्य प्रार्थना हलको दुवै किनारमा राजखलक बस्ने कलात्मक बेन्च राखिएको रहेछ जसको डिजाइन विख्यात आर्किटेक्ट निकोडेमस टेस्सिनले गरेका रहेछन् र यसलाई बनाउने बुट्चार्ड प्रेख्ट नामक विश्यात सिकर्मीले गरेका रहेछन् । यी बेन्च मध्य एक जुनमा राजा बस्ने हो त्यस्लाई भने महँगो जरी टाँसेको निलो भेल्भेटले मोरिएको रहेछ । चर्चको अगाडिको चाँदीले मोरेको भित्ता जसलाई अल्टार भनिन्छ त्यहाँ क्राइष्टलाई झुण्ड्याइएको मूर्ति र अन्तिम रात्रिभोज (Last Supper) झल्काउने मूर्तिहरु राखिएका रहेछन् । त्यसको दुवैतिर सेन्ट निकोलस र सेन्ट पिटरले महिन बत्ती समातिरहेको मूर्ति रहेछ । यसको माथि रहेको रोज विण्डो (सिसाको झ्याल) १८५० को दशकमा फ्रान्सको राजधानी पेरिसमा बनाएर ल्याइएको रहेछ ।

SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारका लागि हामीलाई सम्झनुहोस्
ISO 9001 JAS-ANZ
Handphone : 9851024628
G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np

दाँते सोसाइटी नेपाल
नयाँ बानेश्वरमा इटालियन, अंग्रेजी र जर्मन भाषा सिकी आत्मनिर्भर बनौं ।
फोन : ९८५१०२३६७०, ४४४१८१२

Office Equipment Problems?
Get your solution today!
CrossWeb Office Automation Pvt. Ltd.
sales - service - support
happy to help
Same day service including:
:: Selection of Office Equipment
:: Sales & Services of Office Equipment
:: Network Setup and CCTV Surveillance Installation
:: Sales & Services of EPABX & Security Equipment
:: Data Backup and Recovery
:: Server & client configuration etc.
Our qualified technicians guarantee all of our work and parts.
Call us today for free advice and estimates
977 1 4444531, 4444532, 9851051003
E-mail: crossweb@mail.com.np; www.crossweb.com.np/contact
https://www.facebook.com/crossweb.automation.3

पदीय दायित्व पूरा नगर्नु भनेको समाज र राष्ट्रका लागि धोका हो
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग

# नास्पाती एक : फाइदा अनेक

भुक्तभोगीहरु भन्छन्, 'मौसम अनुसारको फल सेवन गर्नुपर्छ ।' प्रकृतिले हामीलाई कुनैपनि फल त्यही सिजनमा उत्पादन गरिदिएको छ, जतिबेला शरीरलाई त्यसमा रहेको पोषक तत्व आवश्यक हुन्छ ।

अहिले नास्पातीको सिजन छ । बजारमा नास्पाती किनबेच भइरहेको देखिन्छ । यो फल स्वादिलो हुन्छ भनेर त भनिरहनु पर्दैन । नास्पाती नचाख्ने सायदै होलान् । न महंगो, न दुर्लभ । जबकी यो फल स्वास्थका लागि कति फाइदाजनक छ भनेर बुझ्नुभयो भने तपाईंले आजैदेखि यो फलको खपत बढाउनुहुनेछ ।

**नास्पातीको फाइदा**

नास्पातीको सेवनले फोक्सोको क्यान्सर रोक्ने देखि पेटको क्यान्सर हसनबाट समेत जोगाउँछ । यसमा हाइपो एलजेर्निक तत्व हुने भएको यसको सेवनले स्वास्थ्यमा कुनै नकारात्मक असर गर्दैन ।नास्पातीको सेवनले आखा धमिलो हुने समस्या कम गर्नुका साथै मुटुको धमनी विग्रनबाट जोगाउँछ । हालैमा गरिएको एक अनुसन्धानले के पत्ता लगाएको छ भने नास्पातीको बोक्रामा एन्टीअक्सिडेन्ट क्वेरसेटिन पाइन्छ, जसले अल्जाइमर हुनबाट समेत जोगाउन मद्दत गर्छ । यसमा पाइने उच्च फाइबरले कोलोन क्यान्सर हुनबाट समेत जोगाउँछ । नास्पातीमा ग्लूटेथाइन नामक एन्टी अक्सिडेन्ट तथा एन्टी कार्सिनोजेनिक तत्व पाइन्छ, जसले उच्च रक्तचाप तथा स्ट्रोक हुनबाट जोगाउँछ । यसमा पाइने फ्रुक्टोस तथा ग्लूकोज शरीरलाई तागत प्रदान गर्ने प्राकृतिक स्रोतहरु हुन् ।

**कस्ता कस्ता पोषकतत्व हुन्छ नास्पातीमा ?**

नास्पातीमा भिटामिन ए, बी १, बी २, फोलिक एसिड लगायतका तत्व पाइन्छ । त्यस्तै, पोटासियम, कपर, फोस्फोरस लगायतका खनिज पदार्थ पाइन्छ । क्याल्सियम, आइरन, म्याग्नेसियम, सल्फर, क्लोराइन तथा सोडियम जस्ता तत्व नास्पातीका कम हुन्छ । केही प्रकारका नास्पातीमा भने आइरनको मात्रा धेरै हुन्छ । यदी नास्पाती काट्दा दुवै भागमा खैरो देखिएमा भने त्यसमा आइरनको मात्रा धेरै भएको बुझ्नु पर्छ ।

**किन खाने नास्पाती ?**

नास्पातीमा पेक्टिन हुन्छ, जसले दिशा खलास गर्न मद्दत गर्छ । कब्जियत भएमा नास्पातीलाई साधा तथा जुसको रुपमा पनि सेवन गर्न सकिन्छ ।वजन घटाउन चाहनेका लागि नास्पाती राम्रो विकल्प हुनसक्छ । नास्पातीमा क्यालोरीको मात्रा कम हुने भएकोले यो स्वास्थ्यका लागि लाभदायक मानिन्छ । भोक नलाग्नको लागि नास्पातीलाई रातको समयमा सेवन गर्न सकिन्छ । नास्पातीमा प्रशस्त मात्रामा फाइबर हुने भएकोले यसले तपाईलाई लामो समयसम्म भोक लाग्न दिदैन । छाती पोल्ने समस्या, अमिलो पानी, तथा अपचको समस्या भएमा नास्पातीको सेवन राम्रो मानिन्छ । यसले पेटमा रहेको एसिडलाई सोसेर अमिलो पानी आउनबाट जोगाउँछ ।

नास्पातीमा पेक्टिनको मात्रा उच्च हुन्छ । त्यसैले, उच्च रक्तचापका विरामीहरुलाई चिकित्सक नास्पाती खान सल्लाह दिने गर्छन् । यसमा भएको पेक्टिन र फाइबरले शरीरमा कोलेस्ट्रोलको मात्रा कम गर्न मद्दत गर्छ । नास्पातीको बोक्रामा समेत पेक्टिन पाइने



हुदाँ नास्पातीको सेवन गर्दा ब्रोका नफाली सेवन गर्न सल्लाह दिइने गरिने ।

कम क्यालोरीयुक्त तथा कार्वोहाइड्रेट्को मात्रा कम हुने भएकोले चिकित्सककहरु प्राय मधुमेहका विरामीलाई नास्पाती खान सल्लाह दिने गर्दछन् । यसको सेवनले रगतमा चिनीको मात्रा नियन्त्रित हुने गर्दछ । नास्पातीको स्वादलाई अझ बढाउन यसमा सुगर फ्रि, फ्याट फ्रि क्रिमको प्रयोग गर्न सकिन्छ ।

हर्मोनको गडबडीका कारण कयौ महिलामा बाझोपनाको समस्या हुने गर्दछ । ताजा तथा स्वस्थ फलफूल खाएर पनि शरीरमा इन्सुलिनको मात्रा नियन्त्रण गर्न सकिन्छ । फलफुलमा प्राकृतिक गुलियोपना हुने गर्छ, जसले प्रजनन स्वास्थ्यमा महत्वपूर्ण भूमिका खेल्छ । त्यतिमात्रहैन, नास्पातीमा विभिन्न किसिमको भिटामिन तथा मिनरल्स पाइन्छ गरे शरीरको प्रतिरोधी क्षमतालाई मजुबत बनाई बाझोपनाको समस्या कम गर्न मद्दत गर्छ । नास्पातीको सेवनले पित्तथैलीमा पथ्थरी हुन दिदैन । यसमा पाइने 'मेलिक' नामक तत्वले पथ्थरीलाई कम गरी शरीरमा पथ्थरी हुनबा ट जोगाउँछ ।

त्यतिमात्र हैन , यसले मिगौलामा हुने पथ्थरीबाट समेत जोगाउन मद्दत गर्छ । सामान्यतया मिर्गौलामा क्याल्सियम अक्सालेट पथ्थरी हुने व्यक्तिको पिसाबमा अक्सोलेटको मात्रा धेरै हुने गर्छ । जसका कारण मिगौलामा पथ्थरी भएका व्यक्तिलाई अक्सालेट भएको खानेकुरा नखान सल्लाह दिइने गरिन्छ । नास्पातीमा अक्सालेटको मात्रा कम हुने भएकोले यसको सेवन मिर्गौलामा पथ्थरी भएका व्यक्तिले समेत सेवन गर्न सक्दछन् । नास्पातीको सेवनले जलन कम गर्न मद्दत हुने भएको ले घाँटकिो समस्या भएमा नास्पातीको सेवन राम्रो मानिन्छ । यसको लागि थोरै महका साथमा नास्पातीलाई मिक्सरमा राम्ररी व्लेण्ड गर्नु पर्दछ ।यसको सेवनले घाटीको समस्या कम गर्नुका साथै दिनमा दुई ग्लास नास्पातीको जुसको सेवनले घाँटी सम्बन्धि समस्या हुनबाट जोगाउँछ ।

फुड प्वाइजनिङ्ग भएमा वा भाइरस , व्याक्टेरिया वा परजिवीको सम्पर्कमा आएमा पेट दुख्ने गर्दछ । जसका कारण मानिसलाई वाकवाकी लाग्ने तथा वान्ता हुने गर्दछ ।

## गाईजात्रा विशेष
# आफ्नो त सधैं गोरु ब्याउँछ



● प्रेम ओली (ढकलपुरे)


तिम्रो त साथी खै के ब्याउँछ
आफ्नो त सधैं गोरु नै ब्याउँछ
जति सरकार फेरिए पनि केही फरक
छैन
सधैं कुनै न कुनै चिनेकै मन्त्री
आउँछ
आफूलाई कतै कहीँ जानु पर्दैन
सब मन्त्री नेता आफ्नै घरमा धाउँछ
दाल, भात, घर, कार त्यसै आउँछ ।

हुन त कसैले तस्कर भन्लान्
कसैले माफिया भन्लान्
मान्छे न हुन्
पछाडि त राजाकै कुरा काट्छन्
मलाई झन् के बाँकी राख्छन्
नेता हुन् कि मन्त्री
मैले चल भने चल्छन् बस भने
बस्छन्
भनेको मानेन भने
चुनावमा भङ्गालोबाटै खस्छन्
यहाँ हाकिमदेखि नेतासम्मले हाम्रै
सुटबुट लाउँछ
हामीले भनेपछि यहाँ ऐयरपोर्टबाट
सुनकै हात्ती पनि ढल्किँदै आउँछ
उनीहरुको पार्टी हाम्रै दामले चल्छ
उनीहरुको सरकार पनि हाम्रै
योजनाले चल्छ
यदि चलेन भने लेखेर राख्नुस्
दुई चार दिनमा नै ढल्छ
यहाँ हरेक नेता, हाकिम ,बडाहाकिम
हाम्रै इसारा नाच्छन्

यदि नाचेनन् भने बिचरा कसरी
बाँच्छन् ?
सरकारको भन्दा हाम्रो जालो
तगडा छ
त्यसैले त यहाँ हरेक ठाउँमा
लफडा छ
हामीले भनेपछि
ठेक्कापट्टा, टेन्डर घरमै आई
ढक्ढकाउँछ
हामीले हुकार्यौं भने नेता, मन्त्रीको
के कुरा
स्वयं भगवान् पनि डगमगाउँछ
हाम्रो अगाडि
त्यो रावण, ईन्द्रजित भए पनि के
भ्याउँछ ?
हामीले आदेश गरेपछि
त्यो बिचरा गोरु के कुरा
स्वयं पशुपतिको साँढे पनि ब्याउँछ
भन त साथी तिम्रो के ब्याउँछ
आफ्नो त सधैं गोरु नै ब्याउँछ ।

# Laugh and Smile

प्रकाश चालिसे



Follow me,
What is health?
It is more than wealth,
Whati is Laugh?
It is more than open your mouth,
Forget me,
But don't forget to laugh a day ,

Laugh is love and life,
and it is just like a husband with a wife,

You sing a song that ,
That make you cry & laugh,

you catch upa bird and keep it in nest,
you laugh an keep ypur hsnd in chedt,

We do laarn to laugh,
as laugh is itself is creation ,

similarly, laug\ is devotion;
laugh is not sorrow,
so even I am willing to lend
You can borrow,

Though you can run miles and miles,
keep on smile
Even you bluff and cough,
don't stop to laugh,
last but not least,
laugh is laughter,
Love is life, Enjoy laughing.

## पर्यटन
# होमस्टे सिक्दै थारू समुदाय

**कृषि र इको पर्यटनका हिसाबले महत्वपूर्ण गन्तव्य रहेको माडीमा पर्यटन विकासका लागि थप होमस्टे निर्माणको प्रक्रिया थालिएको छ ।**



दक्षिण चितवनको माडी थारु समुदाय सामुदायिक होमस्टे (घरबास) सञ्चालनका लागि सीप सिक्न थालेको छ । माडी नगरपालिका-३ बघौडामा होमस्टे सञ्चालनका लागि उनीहरुले विभिन्न क्षेत्रका होमस्टेको स्थलगत अध्ययन थालेका छन् । बघौडा सामुदायिक होमस्टेका संयोजक ओमप्रकाश महतोले नवलपुरको अमलटारीमा रहेको नमूना होमस्टे, देवचुली नगरपालिकामा रहेको पिपरा र बरौली होमस्टे तथा कावासोतीको अमलटारी होमस्टेको भ्रमण गरेर जानकारी लिएको बताए ।

'साह्रै राम्रो लाग्यो, थारु संस्कृति जोगाउन, जीविकोपार्जन गर्न होमस्टेले फाइदा नै गर्ने रहेछ' उनले भने, 'निम्नस्तरकालाई आम्दानी गर्न निक्कै सहयोगी हुने रहेछ' उनले छिट्टै माडी नगरपालिका-३ बघौडामा होमस्टे खोल्ने सोच बनाएको बताए । उनीसँगै बघौडाका अन्य थारु समुदाय पनि होमस्टे सञ्चलालनको बारेमा जानकारी लिन विभिन्न क्षेत्रका होमस्टेको भ्रमण गर्न थालेका छन् । माडी नगरपालिकालगायत विभिन्न संघ संस्थाको सहयोगमा माडीमा पर्यापर्यटनको विकासका लागि होमस्टे थप्ने निर्णय भएपछि यहाँका थारु समुदायहरुको सक्रियता बढेको हो ।

माडी पर्यटन विकास समितिका सचिव गोविन्द न्यौपाने होमस्टेको बारेमा जानकारी नभएकाले उनीहरुलाई भ्रमण गराएको बताए । माडी नगरपालिकाका उपप्रमुख ताराकुमारी काजी महतोको संयोजकत्वमा माडीका थारु समुदायसहितको सहभागितामा शनिबार ४९ जनाको टोलीले होमस्टेको अवलोकन भ्रमण गरेको छ । भ्रमण टोलीमा माडी नगरपालिका-३ का अध्यक्ष पुरन महतो, थारु कल्याणकारीणी चितवनका अध्यक्ष ललित चौधरी, नेपाल जनजाती महासङ्घ माडीका अध्यक्ष रामेश्वर महतो, पर्यटन विकास समिति माडीका सचिव गोविन्द न्यौपाने, सीप नेपालकी अध्यक्ष इन्दिरा विकलगायतको सहभागिता थियो ।

कृषि र इको पर्यटनका हिसाबले महत्वपूर्ण गन्तव्य रहेको माडीमा पर्यटन विकासका लागि थप होमस्टे निर्माणको प्रक्रिया थालिएको नगरपालिकाका प्रमुख ठाकुर ढकाल बताउँछन् । यसवर्ष माडीका आदिवासी जनजाति समुदायका बस्तीमा ४० भन्दा बढी होमस्टे निर्माण गर्ने नगरपालिकाको योजना छ । मुख्यगरी थारु, बोटे र राईका होमस्टे थपिने ढकालले बताए । माडीको नगरसभाले होमस्टे बनाउन रु ७५ लाख छुट्याएको छ । माडी नगरपालिका-८ शिवद्धारमा विगत केही वर्षदेखि मगर समुदायको होमस्टे सञ्चालनमा छ । स्थानीय रहनसहन संस्कृतिका साथै मौलिक खाना पाइने र घरायसी वातावरणमा रम्न सकिने गरी होमस्टे निर्माण हुनेछन् ।

यसवर्ष माडी नगरपालिका-१ वनकट्टामा बोटे समुदायको १५, वडा नं ३ बघौडामा १० थारु होमस्टे र वडा नं ९ को राईटोलमा ८ राई होमस्टे निर्माण गर्ने योजना नगरपालिकाको छ । यस्तै शिवद्धारमा रहेको ११ होमस्टेको स्तरोन्नतिसहित ९ थपेर २० पुर्याउने लक्ष्य राखिएको छ । चितवन निकुञ्जसँगै जोडिएको छ माडी विभिन्न धार्मिक कुण्ड तथा क्षेत्रले धार्मिक पर्यटनका हिसाबले अब्बल छ । यहाँ भारतबाट समेत पर्यटक आएर पूजा गर्ने परशुराम कुण्ड, पाँच पाण्डवलगायत धार्मिक क्षेत्र छ । जङ्गलमा आश्रित समुदायलाई होमस्टेमार्फत् वैकल्पिक आयआर्जनमा सहभागी गराउन सके वन्यजन्तुबाट हुने मानवीय क्षति कम गर्न सकिन्छ ।

# अर्नाको वंश विस्तारमा सफलता

अर्नाको वंश विस्तारमा चितवन राष्ट्रिय निकुञ्जलाई सफलता मिलेको छ । कोशी टप्पु वन्यजन्तु आरक्षबाट दुई वर्षअघि चितवन राष्ट्रिय निकुञ्जमा स्थानान्तरण गरिएको अर्नाले बच्चा जन्माएसँग वंश विस्तारमा सफलता मिलेको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक मनबहादुर खड्काले बताएका छन् ।

विसं २०७३ मा कोशीबाट ल्याएर चितवन निकुञ्जको पूर्वी सेक्टरस्थित पुरानो पदमपुरको खुलाखोरमा राखिएको अर्नाले साउनको ३१ गते पाडी जन्माएको फेला परेको थियो । 'अर्को ठाउँबाट ल्याएको अर्नाले बच्चा जन्माउनु वंश विस्तारका लागि ठूलो सफलता हो," खड्काले भने, 'अझै अर्नाको संख्या बढाउनुपर्छ, हामी सक्दो प्रयास गरिरहेका छौं ।'

चितवन निकुञ्जमा अर्नाले बच्चा जन्माएको पहिलो हो । पाडी स्वस्थ रहेको र आमाको दूध खाइरहेको अनुगमनमा गएका निकुञ्जका कर्मचारी विजय चौधरीदले बताए । निकुञ्ज



स्थापना हुँदा चितवनमा अर्ना थिएन । त्यसैले प्रजातिको संरक्षणका लागि कोशीबाट अर्ना र शुल्लाफाँटाबाट बाह्रसिङ्गे ल्याइएको हो । चितवनबाट बर्दिया शुल्लाफाँटालगायत क्षेत्रमा गैंडा पठाउने गरिएको छ । प्रजाति संरक्षणका लागि वन्यजन्तुको स्थानान्तरण गर्ने गरिएको गरिएको निकुञ्जले जनाएको छ । यो सँगै निकुञ्जमा अर्नाको संख्या १० पुगेको चितवन निकुञ्जका प्रमुख बेदकुमार ढकालले बताए । यहाँ कोशी टप्पुबाट दुई भाले र १० पोथी गरी १२ तथा सदर चिडियाखाना ललितपुरबाट एक भाले र दुई पोथी गरी तीन अर्ना स्थानान्तरण गरी ल्याइएको थियो । रोगव्याधी र बाघको आक्रमणलगायत कारणले छ अर्ना मरिसकेका छन् ।

राष्ट्रिय प्रकृति संरक्षण कोषका सूचना अधिकारी सन्तोष भट्टराईले पशु चिकित्सकसहितको टोलीले अहिले पनि अर्नाको नियमित अनुगमन, रेखदेख र खुलाखोरको व्यवस्थापन गर्दै आइरहेको बताएका छन् । संरक्षणकर्मीका लागि ठूलो खुशीको कुरा भएको उनले बताए । निकुञ्ज विभागले अझै खुला खोर बढाएर अर्ना थप्ने तयारी गरेको छ । 'कम्तिमा २५(३० अर्ना नभएसम्म बाघले मार्न सक्छ, झुण्डमा भए बाघले छिट्टै आक्रमण गर्न सक्दैन, संख्या नपुग्दासम्म खोरमा नै राखिन्छ' खड्काले बताए । संरक्षणमा चुनौती भने प्रशस्तै छ । बाढी तथा रोगव्याधी भयो भने संरक्षणमा समस्या पर्छ । गएको वर्षको बाढीले यहाँका सबै अर्नामा रोग देखिएको थियो । पछि औषधोपचार गरी दानापानी खुवाएर अर्ना बचाइएको थियो ।

(रासस)

# जिम्बाबेमा मानांगाग्वा नयाँ युगको सुरुवात



विष्णु भट्टराई


बेलायतबाट स्वतन्त्र भएपछि जिम्बाबेको राजनीतिमा रोबर्ट मुगावे उदाए। उनी जिम्बाबेका पहिलो प्रधानमन्त्री र दोस्रो राष्ट्रपति भए। मुगावेले लगातार ३७ वर्ष जिम्बाबेको नेतृत्व गरे । सन् १९९९ मा मुभमेन्ट फर डेमोक्रेसी चेन्ज नामक एक विपक्षी समूह अस्तित्वमा आयो। यस समूहले मुगावेको शासनविरुद्ध विशाल जनप्रदर्शनहरु गऱ्यो । यसअघि मुगावेलाई राजनीतिक रुपले कसैले चुनौती दिन सकेको थिएन । विरोध प्रदर्शनले मुगावेको सत्ताको तख्ता अलिकति पनि हल्लिएन । मुगावे उमेरले जीवनको उत्तरार्द्धतिर पुगिसकेका थिए । ९३ वर्षको उमेरमा उनलाई पत्नी मोहले सत्ताबाटै टाढा बनायो। जिम्बाबेको सेनाको इच्छाविपरीत मुगावेले उपराष्ट्रपति इमर्शन मानांगाग्वालाई बर्खास्त गर्दै आफूभन्दा आधा उमेर कान्छी पत्नी ग्रेसी मुगावेलाई उत्तराधिकारी बनाउने स्वेच्छाचारी निर्णय लिए । सेनाघ मानांगाग्वाको पक्षमा थियो । जब मुगावेले मानांगाग्वाको राजनीति नै सिध्याउने धृष्टता गरे सेना चुप बसेन। सेनाले राष्ट्रपति भवनलाई आफ्नो नियन्त्रणमा लियो र मुगावेलाई बन्दी बनायो। सेनाले सरकारी टेलिभिजन कब्जा लिँदै घोषणा गऱ्यो, राष्ट्रपति मुगावे सुरक्षित छन् तर उंनका वरिपरिका अपराधीलाई कारबाही गरिएको छ।

सेनाले राजीनामा गर्न भने पनि मुगावेले केही दिन टेरेनन्। आखिर सेनाको दबाबअघि मुगावेको केही लागेन। उनले राष्ट्रपति पदबाट राजीनामा गरे। उनको राजीनामा अघिको समय पूरै सेनाको मातहतमा रहेको थियो। जब मुगावेले राजीनामा गरे मानांगाग्वा जिम्बाबेका नयाँ राष्ट्रपतिका रुपमा उदाए । मुगावे युगको अन्त्य भएपछि आफ्नै नेतृत्वमा मानांगाग्वाले आम निर्वाचन गराए । यता मुगावेले आफ्नो पार्टीलाई भोट नदिन जनतासमक्ष अपिल गरे । तर जनताले मुगावेलाई मात्र बहिष्कार गरे । उनको सत्तारुढ जानु पीएफ पार्टीलाई बहुमत दिए। जानु पीएफले संसदको दुवै सदनमा बहुमत प्राप्त गऱ्यो । जनादेश अनुसार मानांगाग्वा निर्वाचित राष्ट्रपति भए । २० जुलाई २०१८ को आमनिर्वाचनले मानांगाग्वालाई नयाँ युगको सुरुवात भएको छ । निर्वाचन परिणामप्रति विपक्षी दलहरु सन्तुष्ट रहेनन् । धाँधलीद्वारा मानांगाग्वालाई निरन्तरता दिइएको भन्दै राजधानी हरारेमा ठूलठूला प्रदर्शनहरु भए। शान्तिपूर्ण प्रदर्शनमाथि सेनाले व्यापक दमन गऱ्यो। प्रदर्शनमाथि सेनाले गोली चलाउँदा केही प्रदर्शनकारीहरुको मृत्यु भयो । यस घटनाले जिम्बाबेको राजनीति अझै तातिरहेको छ। मुगावेले पनि दमनकै सत्ता आयु लम्ब्याउँदै आएका थिए । अहिले मानंगाग्वाकै आदेशमा विरोधीमाथि तीव्र दमन भएपछि उनी पनि मुगावेभन्दा फरक नरहेको टिप्पणी गरिँदैछ।

निर्वाचन आयोगको आधिकारिक नतिजाअनुसार मानंगाग्वाले ५०.८ र विपक्षी नेता चामिसाले ४४.३ प्रतिशत मत ल्याएका छन्। यसले सत्तारुढ जानु-पीएफप्रति जनताको विश्वास भने घटेको देखाएको छ। अघिल्लो निर्वाचनमा रोबर्ट मुगाबे ६१ प्रतिशत मत ल्याएर विजयी हुँदा विपक्षी नेता मोर्गन सांगिराईले ३४ प्रतिशत मात्रै मत ल्याएका थिए। अहिलेको निर्वाचनमा संसद्मा जानु-पीएफले १४४ सिट जितेको छ भने सातवटा पार्टी मिलेर बनेको एमडीसी गठबन्धनले ६४ सिट हात पारेको छ। पूर्वराष्ट्रपति रोबर्ट मुगाबेप्रति बफादारहरूले खोलेको नेसनल प्याट्रियोटिक फ्रन्टले पनि १ सिट जितेको छ । संसद्मा पनि अहिले जानु-पीएफ अघिल्लो निर्वाचनमा भन्दा कमजोर नै देखिएको छ। अघिल्लो निर्वाचनमा सो पार्टीले १६० सिट जितेको थियो भने विपक्षी गठबन्धनले ४९ सिट मात्रै हात पारेको थियो।


जिम्बावेको राष्ट्रपति बनेपछि इमर्सन मानांगाग्वाले आफ्नो मन्त्रिपरिषद वरिष्ठ सैनिक अधिकारीहरूलाई राखेका थिए । गत डिसेम्बरमा ३७ वर्ष सत्ता चलाएका राष्ट्रपति रोबर्ट मुगाबेको राजीनामापछि शपथ लिएका उनले विदेशमन्त्रीमा सैनिक जर्नेल सिबुसिसो मोयोलाई नियुक्त गरेका थिए। जसले टेलिभिजनमार्फत मुगाबेलाई हटाएर शक्ति लिएको नाटकीय घोषणा गरेका थिए। यस्तै त्यहाँको वायु सेनाका प्रमुख पेरेन्स सेरी भूमि तथा कृषिमन्त्री बनेका थिए । माटाबिलिलेन्डमा सन् १९८० को दशकमा झन्डै २० हजार गैरसैनिक मारिने गरी भएका नरसंहारको नेतृत्वकर्ता उनको छवि निकै विवादित मानिन्छ । अहिले यिनै सैनिक अधिकारी संलग्न मन्त्रिपरिषद्ले विपक्षीको आन्दोलनलाई दबाउन भूमिका खेलेको आरोप लागेको छ।

गत वर्ष सैनिक 'कु' को सहयोगमा मानंगाग्वाले सत्ता हातमा लिए । उनी आफैं सैनिक अधिकारी



नभए पनि उनलाई सेनाले साथ दियो। विपक्षी पार्टी, बर्खास्तीमा परेका उपराष्ट्रपति इमर्सनसहितको साथमा सेनाले 'कु' गरे पनि त्यसलाई 'कु' को रूपमा व्याख्या हुन नदिन सेनाले मुगाबे वरिपरिका अपराधीमाथि कारबाही गरिएको भन्दै घुमाउरो भाषा प्रयोग गरेको थियो । जसको माग नै उपराष्ट्रपति इमर्सनलाई मुगाबेको उत्तराधिकारी बनाउनु थियो । बर्खास्तीमा परेका मानंगाग्वाले सेनाको कदमलाई साथ दिए । यो एक अर्थमा भन्दा सत्तामाथि सेनाको हस्तक्षेपलाई स्वीकार गर्नुजस्तै थियो । मुगाबेको सत्तालाई साथ दिँदा राजनीतिक संकट लम्बिने र त्यसको असर सिंगो देशको स्थिरतामा पर्ने भयले सेनाको कदममा धेरै चुपचाप बसे । मुगाबेलाई सेनाको नियन्त्रणमा राखेर राजीनामा गराएर मानंगाग्वालाई राष्ट्रपति बनाउँदै मध्यमार्गी बाटो रोजिएको थियो । तर, सेनाका अधिकारी सत्तामा सामेल गरेर आफ्नो सत्तामा सेनाको महत्वपूर्ण स्थान रहेको पुष्टि मानंगाग्वाले गरिसकेका छन् । लोकतन्त्रलाई बलियो बनाउने प्रयास गरिरहेको भन्दै सेनाले हिंसात्मक रूपमा सत्ता 'कु' गर्न र गरे पनि त्यसबाट बच्न अनेक तर्क गर्ने गरेको पाइन्छ । सैनिक 'कु' का घटनापछि पनि छिटोभन्दा छिटो चुनाव गराउने, लोकतान्त्रिक तरिकाले सरकार बनाउने या सत्ता परिवर्तनबारे कुराकानी गर्ने गरेको पाइन्छ। तर जिम्बावेको घटना अलि फरक देखियो । त्यहाँ सेनाले नेतृत्व गरेन तर सेनासँग मजबुत सम्बन्ध भएका पूर्वसैनिक अधिकारी इमर्सन मानंगाग्वाले सत्ताको नेतृत्व गरे र सेनाका अधिकारीलाई सामेल गराए ।

मानंगाग्वा जिम्बावेको स्वतन्त्रताको लडाइँमा महत्वपूर्ण भूमिका निभाएका व्यक्ति हुन् । सन् १९८० मा रोडेसियाको बचेको सुरक्षा बल, जिम्बावे अफ्रिकन नेसनल लिबरेसन आर्मी र जिम्बावे पिपुल्स लिबरेसन आर्मीलाई मिलाएर जिम्बावे नेसनल आर्मी गठन गरियो । मानंगाग्वा राष्ट्रपति मुगाबेको स्वाभाविक उत्तराधिकारी थिए। तर मुगाबेले पत्नी ग्रेसीलाई पार्टी र सत्ताको नेतृत्वमा पुऱ्याउन इमर्सनलाई बर्खास्त गरे । यो कुरा उनलाई मात्रै होइन सेनालाई पनि चित्त





बुझेन । किनकि जिम्बावेको सेना स्वतन्त्रताको विरासत र त्यसमा सामेल व्यक्तिलाई धेरै सम्मान गर्दछ । स्वतन्त्रताको विरासतकै कारण मुगाबे सत्तालाई सेनाले साथ दिएको थियो । मुगाबेले २०१४ मा पनि पूर्वउपराष्ट्रपति जोइस मुजुरुलाई बर्खास्त गरे । त्यसबेला सेनाको बलियो साथ भएन । मानंगाग्वाले भने बर्खास्तीमा परेपछि दक्षिण अफ्रिका गए र मुगाबेबाट सत्तारुढ पार्टीको नियन्त्रण फिर्ता लिएर फर्किने घोषणा गरे। उनको आत्मविश्वासबाट सेनाको साथ रहेको अनुमान त्यसैबेला गरिएको थियो । उनले सेनाकै बलमा सत्ता हातमा लिन सफल भए र अहिलेको निर्वाचनमा उनले बलपूर्वक सत्तामाथि लिएको नियन्त्रणलाई अनुमोदन गरेको छ।

राजधानी हरारेमा विपक्षीलाई दमन मात्रै गरिएको छैन ठूलो स्पिकरमा प्रहरीका सवारीसाधनबाट 'जिम्बावे व्यवसायका लागि खुला छ, तपाईंहरूको सुरक्षाका लागि हामी यहाँ छौं । आफ्नो व्यवसाय खोल्न र हिँड्न स्वन्तत्र भएको अनुभूति गर्नुहोस्। सबै राम्रो छ, डर मान्नुपर्दैन' जस्ता सन्देश बजाइएको छ।

मुगाबे शासनको अन्त्य र मानंगाग्वा सत्तामा आउँदा त्यहाँका जनताले धेरै आशा गरेका थिए। किन पनि जनताले साथ दिए भने जिम्बावे केही वर्षदेखि ठूलो आर्थिक संकटको सामना गरिरहेको छ । तर मानंगाग्वाको छवि मुगाबेको जस्तो उच्च थिएन। उनी देशभित्रै पनि निकै आलोचित पात्र मानिन्छन् । सन् १९८० को दशकको सुरुवातमा रक्षामन्त्री रहेका उनले मिडल्यान्डस् र मातेबेलेल्यान्डमा उठेको विरोधको आवाजलाई सैन्यबलबाटै दबाएका थिए । जसमा हजारौंको मृत्यु भएको थियो।

पछिल्लो एक दशकदेखि जिम्बावेमा आर्थिक संकट बढ्दै जाँदा युवाहरू रोजगारीका लागि पलायन हुने क्रम तीव्र छ । सन् २००८ मा जिम्बावेमा चरम महँगीका कारण आफ्नो देशको मुद्रा छाडेर विदेशी मुद्रा चलाउनुपर्ने अवस्था सिर्जना भएको थियो । बेलायती उपनिवेशका विरुद्ध कठोर संघर्ष गरेका मुगाबेले सत्ता चलाउनकै लागि हिंसाको सहारा लिए । आर्थिक संकट हल गरी देशमा रोजगारी सिर्जना गर्न जिम्बावेका सरकार असफल बन्दै आएका छन्। सन् १९८० मा बेलायतको निगरानीमा पहिलोपटक चुनाव भएपछि प्रधानमन्त्री बनेका उनले सन् १९८७ मा संविधान संशोधन गरी आफूलाई राष्ट्रपति घोषणा गरे। सन् १९९९ मा अस्तित्वमा आएको मुभमेन्ट फर डेमोक्रेटिक चेन्जले सरकारका नीति र आर्थिक संकटलाई लिएर विरोध प्रदर्शन र हड्ताल गरेपछि सत्तामा आफ्नो नियन्त्रण कायम राख्न राजनीतिक विरोधीहरूलाई समाप्त पार्न सुरु गरे भने पार्टीमा लामो योगदान भएका र शक्तिशाली व्यक्तिहरूलाई बर्खास्त गरे । सोही सिलसिलामा उनले इमर्सनलाई बर्खास्त गरेर सत्तामा आफ्नो पकड कायम राख्न खोज्दा सेना तगारो बन्यो । विश्वसनियता कम भएका नेता इमर्सनले सेना, गुप्तचर निकाय र सत्ताधारी पार्टीबीचको कडी जोड्ने काम गर्दै आएका थिए । सेनाको बलमा सत्तामा पुगेका इमर्सनले पनि आर्थिक विकासको सुरुवात गर्न र जिम्बावेली जनताको समृद्धिको सपना पूरा गर्नेतर्फ ठोस कदम चाल्न सकेका छैनन् । यो निर्वाचनपछिको परिणामलाई कसरी व्यवस्थित गरेर विपक्षीको साथसहित अघि बढ्छन् त्यो भने हेर्न बाँकी छ।

## रोचक संसार

### भूतसँगै प्रेम



बेलायतमा एकजना महिला भूतसँग प्रेममा परेकी छिन् । भूतको प्रेममा उनी यति फसेकी छिन् कि भूतसँगको संसर्गबाट बच्चा जन्माउने उनको चाहना छ। एमथिस्ट रिल्म हो उनको नाम । आफू एउटा भूतसँग सिरियस रिलेसनशिपमा रहेको दाबी उनको छ । उनको प्रेमकहानी अनौठो छ । उनको जीवनमा भूतको प्रवेश हुनुअघि उनका एकजना प्रेमी थिए । उनले आफ्नो ब्वायफ्रेण्डसँग इन्गेजमेन्ट पनि गरिसकेकी थिइन् । बिहे पनि छिट्टै गर्ने योजना थियो। उनको ब्वायफ्रेण्ड कामका कारण प्रायः बाहिरै बस्दथे। यहीँ क्रममा रिल्मको जीवनमा भूतको प्रवेश भयो, नयाँ प्रेमीको रुपमा । भूतसँग यौनसम्पर्क गर्नकै लागि उनले आफ्नो प्रेमीलाई पनि छाडिदिएकी थिइन्।

३० वर्षकी रिल्मको दाबीलाई मान्ने हो भने पछिल्लो ११ वर्षयता उनी अनेक खालका कम्तिमा २० वटा भूतहरुको सम्पर्कमा छिन् । आफूलाई मान्छेसँग भन्दा भूतसँग समय बिताउन मन पर्ने उनी बताउँछिन्। ६ महिनाअघि उनले अष्ट्रेलिया भ्रमणका क्रममा एउटा नयाँ भूत भेट्टाइन्। त्यो भूतसँग उनको गहिरो प्रेम बस्यो । उनी आफ्नो भूतप्रेमीस्ँग निकै खुसी छिन् । आफूले आफ्नो भूतप्रेमीलाई देख्न नसक्ने तर महसूस गर्न र यौनसम्पर्क गर्न भने सक्ने उनको दाबी छ । भूतप्रेमीसँग प्रेम बसेपछि उनले उक्त प्रेमीलाई आफूसँगै बेलायत लिएर आएकी छिन् अरे । अहिलेसम्म आफूले २० जना भूतसँग यौनसम्पर्क गरिसकेको दाबी उनको छ। भूतसँगको सम्भोग वास्तविक मान्छेसँगको सम्भोगभन्दा आनन्ददायी हुने भन्दै उनले अब भूतबच्चा जन्माउन चाहेको बताएकी छिन्।

### पाइताला जस्तै आलु



हालै ब्राजिलमा एउटा यस्तो आलु फलेको छ, जुन सायद दुनियामा अहिलेसम्म अन्त कतै फलेको थिएन होला । ब्राजिलको सान्टा क्यान्तारिना प्रान्तस्थित मेलिरो सहरमा बस्ने किसान दम्पत्ति मार्ली र पाउलो सिक्विनेलले आफ्नो बारीमा अनौठो आलु फलाएका छन्। उक्त आलुको तौल ८ किलो छ भने यसको आकार ठ्याक्कै मानिसको पाइताला जस्तो छ। मान्छेको खुट्टाका पाइतालासँग ठ्याक्कै मिल्ने त्यो आलुमा खुट्टाका सबै औंला पनि दुरुस्तै छन्। आफुहरुले यस्तो आलु अहिलेसम्म नदेखेको र यो आलुलाई के गर्ने भन्ने बारेमा निर्णय गरिनसकेको किसान दम्पत्ति बताउँछन् । यस्तो अनौठो आलु फल्दा कताकता उनीहरुलाई डर पनि लागेको छ । यो आलु नखाने र मान्छेहरुले हेर्न चाहेमा प्रदर्शनीमा राख्ने उनीहरुको योजना छ।

### अरबपतिहरू कहाँ बस्छन् ?

नाइट फ्रेन्क एलएलपी एजेन्सीको स्थापना सन् १८९६ मा बेलायतमा भएको हो। यो एजेन्सीको रिपोर्ट अनुसार ५० करोड डलरको सम्पत्ति भएका धेरै मानिसहरु उत्तर अमेरिकी महादेशमा बस्दछन्। र, त्यसमा पनि सबैभन्दा धेरै अमेरिका र क्यानडामा। अर्थात् अमेरिका र क्यानडामा ५० करोड डलर भन्दा धेरै सम्पत्ति भएका विश्वका ३१.८ प्रतिशत मानिस बस्दछन् । त्यसपछि एसिया रहेको छ।

एसियामा ५० करोड डलर भन्दा धेरै सम्पत्ति भएका विश्वका कूल मानिसहरुमध्ये २८.१ प्रतिशत मानिस रहेका छन् भने तेश्रो स्थानमा २५.४ प्रतिशत सहित युरोप रहेको छ। बाँकी १५ प्रतिशतमा मध्य एसिया, अष्ट्रेलिया, रुस, राष्ट्रमण्डलबाट स्वतन्त्र भएका देश (सिआइएस), ल्याटिन अमेरिका र अफ्रिकामा बस्दछन्।

रिपोर्ट तयारीका लागि एजेन्सीले वेल्थ एक्स नामक एक अन्तराष्ट्रिय डाटा कम्पनीसँग जानकारी लिएको थियो। यो डाटा कम्पनीले विभिन्न लक्जरी ब्राण्ड, एनजिओ र शिक्षण कम्पनीहरुसँग काम गर्दछ । यसका अलवा रिपोर्टका लागि विश्वका ५ सय ठूला बैंकमाथि भएको सर्भेबाट संकलित डाटा पनि प्रयोग गरिएको छ । यी ५ सय बैंकले विश्वका ५० हजार मानिससँग काम गर्दछन्, जसको कूल सम्पत्ति ३ अर्ब डलर रहेको छ।

### गुफाबाटै उद्धार



थाइल्याण्डमा गुफाभित्र फसेका १२ बालकहरु र उनीहरुका १ जना शिक्षकको उद्धार गरिएको विषय अन्तराष्ट्रिय रुपमा निकै चर्चाको विषय बन्यो । मृत्युको मुखबाट उम्केर आएका ती विद्यार्थीहरु अहिले के गर्दै होलान् ?

समाचार अनुसार हामीले कल्पना नै नगरेको प्रक्रियाबाट गुज्रिरहेका छन् उनीहरु। अहिले ती विद्यार्थीहरु र उनका शिक्षकलाई मन्दिरमा राखेर शुद्धीकरण गर्ने काम चलिरहेको छ। एकजना इशाई बच्चालाई छाडेर अरु सबै बच्चाको शीर मुण्डन गरिएको छ।

गुफाभित्र ९ दिनसम्म हराएका हुनाले उनीहरुलाई ९ दिनसम्म मन्दिरमा राखेर शुद्धीकरण गर्न लागिएको हो । उनीहरुलाई मन्दिरमा बौद्ध शिक्षा प्रदान गरिँदैछ । शुद्धीकरणले उनीहरुलाई शान्ति मिल्ने बताइन्छ।

### भूपू मायालुको प्रशंसामा १४४ वाक्य



आफूले विगतमा गरेका गलत फैसलालगायतका कारणले एकजना न्यायाधीशले मुखमै आएको प्रधानन्यायाधीश पद खुस्किएको घटना सेलाएको छैन । तर उटपट्याङ्ग फैसला गर्ने सवालमा चाहिँ अमेरिकी न्यायाधीशहरु तीन कदम अगाडि रहेछन्।

अमेरिकाको होनोलुलुस्थित एक अदालतले त्यहाँका एक युवकलाई महिलामाथि गरेको दुर्व्यवहारको सजाय स्वरुप आफ्नी पूर्व प्रेमिकाको प्रसंसामा १ सय ४४ वाक्य लेख्न आदेश दिएको छ । अझ अनौठो त के भने १ सय ४४ मा हरेक वाक्य नयाँ हुनुपर्नेछ र कुरा दोहोराउन पाइने छैन । यस्तो सजाय पाउने युवकको नाम डारेन यंग हो । यंगले आफूलाई अपशब्द बोलेर दुर्व्यवहार गरेको, १ सय ४४ वटा मेसेज पठाएर तथा फोनसमेत गरेर दुःख दिएको भन्दै उनकी पूर्व प्रेमिकाले अदालतमा मुद्दा हालेपछि अदालतले यस्तो फैसला गरेको हो।

३० वर्षे यंगलाई अदालतले यसअघि उनकी पूर्व प्रेमिकासँग कुनै पनि प्रकारको सम्पर्क गर्ने कोसिस नगर्न आदेश दिएको थियो । तर उनले अदालतको त्यो आदेशको पालना गरेनन् । एकदिन त उनले ३ घण्टाको बीचमा १ सय ४४ पटक फोनकल तथा मेसेज पठाए । दिक्क भएकी पूर्व प्रेमिकाले यंग विरुद्ध अदालतको अपहेलनामा मुद्दा हालिन्।

### डकर्मीका १२० श्रीमती र घर

थाइल्याण्डका एकजना पुरुषको शौखका बारेमा थाहा पाउनुभयो भने तपाइँ हैरान हुनुहुनेछ। ती पुरुष यस्ता हुन्, जसले जुन ठाउँमा गयो सो ठाउँमा कम्तीमा एकजना महिलासँग बिहे गरेकै हुन्छन्। त्यस्तो पुरुषार्थका कारण उनले अहिलेसम्म १ सय २० जना महिलासँग बिहे गरिसकेका छन्। ती व्यक्तिको नाम तम्बन प्रेजर्ट हो। पेशाले डकर्मी रहेका यी थाई पुरुषको उमेर ५८ वर्षको भयो। उनी घर बनाउनका लागि जहाँ(जहाँ जान्छन् त्यहाँबाट एकजना महिलालाई बिहे गरेर ल्याउँछन्।

थाइल्याण्डमा कानूनले बहुविवाह गर्न रोक लगाएको छ। तर तम्बनलाई एक पछि अर्को गर्दै बिहे गर्नका लागि कानूनले रोकेन। नकोन नायोक प्रान्तका बासिन्दा तम्बनले हरेक महिलासँग बिहे गर्दा आफ्नो पहिलो श्रीमतीको सहमतिमै गर्ने गरेका छन्।

उनले आफ्नो हुनेवाला पत्नी र सासु ससुराहरुसँग पनि आफ्नो बिहे भैसकेको बारेमा जानकारी गराउँदछन्। उनले जतिपटक बिहे गरे पनि हरेक बिहेमा परम्पराको पूर्ण पालना गर्दछन्। अहिलेसम्म गरेका सबै बिहेमा उनले रीतिरिवाजको पालना गर्ने गरेका छन्। उनले १७ वर्षको उमेरमा पहिलो बिहे गरेका थिए। उनकी प्रथम श्रीमती उनीभन्दा २ वर्ष कान्छी थिइन्। पहिलो पत्नीबाट उनका तीन सन्तान पनि छन्।

आखिर किन यतिधेरै महिलासँग बिहे गरेको ? तम्बनको जवाफ रोचक हुने गरेको छ । उनका अनुसार जब उनले घर बनाउने काम सुरु गरे उनको चिनजान कैयन् केटीहरुसँग हुन थाल्यो। जब कुनै सुन्दर केटीसँग चिनजान हुन्थ्यो तब उनले बिहे गरिहाल्थे । रोचक त के भने १ सय २० जना पत्नी हुँदा पनि उनले सबैलाई सम्हालेका छन् । कुनै पनि पत्नीलाई आफ्ना त्यति धेरै सौता भएकोमा गुनासो र विरोध छैन । तम्बनले आफ्नै सबै पत्नीको इच्छा तथा आवश्यकता पूर्ति गरिदिने गरेका छन् । उनले हरेक पत्नीलाई एक एकवटा घर बनाइदिएका छन्।

प्रेरक प्रसंग


## ताज महलका दुई ढुंगाहरू



लालबहादुर शास्त्री ठूला समाजसेवी थिए तर उनी आफ्नो नाम चर्चामा आओस् भन्ने चाहदैनथिए।उनी लोकप्रियताको प्यासी थिएनन्।एक दिन उनका साथीले उनलाई सोधे, 'शास्त्रीजी, तपाईलाई पत्रिकामा नाम छपाउन यतिका डर किन ?'

शास्त्री केही बेर सोच्दै भने, 'मित्र मलाई लाजपात रायको एउटा भनाइ सधैं याद रहन्छ, उनले भनेका थिए 'लालबहादुर, ताजमहलमा दुई प्रकारका ढुंगा रहेका हुन्छन्। एउटा राम्रो खालको टल्कने सिंगमरमरको ढुंगा छ, जुन संसारले देख्छ, फोटो खिच्छ र प्रशंसा गर्छ। अर्को त्यो ढुंगा जुन ताजमहलको जगमा लगाइएको छ, जसको जीवनमा केवल अँध्यारो नै अँध्यारो हुन्छ। तर ताज महललाई त्यसैले ठड्याउने गर्छ, ढल्न दिदैन।' र म त्यो जगको ढुंगा बन्न चाहन्छु मित्र।'

## बुद्धि कसरी मिल्न सक्छ ?



एक युवकले सुकरातलाई सोधें कि उनलाई बुद्धि कसरी मिल्न सक्छ । 'मसँग आऊ', सुकरातले जवाफ दिए । त्यस युवकलाई लिएर सुकरात नदीमा गए र शिर डुबाइदिए । उनले युवकलाई सासको लागि नछटपटाउदासम्म डुबाइरहे। अनि उसलाई छोडिदिए । जब युवक केही सहज अवस्थामा आयो तब सुकरातले उसंग सोधे, 'जब तिम्रो शिर पानीमा डुबेको थियो, त्यसबेला तिमीले सबैभन्दा बढी के को चाहाना गर्‍यौं ?'हावाको' युवकले उत्तर दियो। 'डुबेको बेला हावा चाहेजस्तै बुद्धिलाई चाहने हो भने त्यो अवश्य मिल्नेछ।'

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

काम थाल्न समय लागे पनि सम्भावना खोजी गर्ने समय छ। आजको मिहिनेतले भविष्यमा नाम र प्रतिष्ठा दिलाउन सक्छ। साथीभाइको सहयोगले हिम्मत दिलाउनेछ। दिगो फाइदा हुने योजना कार्यान्वयन गर्न सकिनेछ। सामाजिक दायित्व बढ्नेछ। सानो प्रयत्नले समाजका लागि धेरै फाइदा हुने काम सम्पादन गर्न सकिनेछ। तारिफयोग्य कामले लोकप्रियता दिलाउनेछ।

### बृष

स्वास्थ्य कमजोर रहनाले सोचेको उपलब्धि तत्काल नपाइएला। सोचेको समयमा काम नबन्न सक्छ।सहयोगको तत्परता देखाउनेहरू पछि हट्नेछन्। शुभचिन्तकसमेत प्रतिपक्षीको प्रभावमा आउन सक्छन्। आफ्ना सूचना बाहिरिने समय रहेकाले गोपनीयतामा ध्यान पुर्‍याउनुहोला। रोकिएका काममा दोहोर्‍याएर प्रयत्न गर्नुपर्नेछ। उपलब्धिका लागि केही समय प्रतीक्षा गर्नुपर्ला।

### मिथुन

विशेष निम्तो प्राप्त हुनाले आतिथ्य खर्चिलो बन्नेछ। व्यवसायको सन्दर्भमा यात्रा हुन सक्छ। तर, मनोरञ्जनमा अलमलिँदा लक्ष्यमा बाधा पुग्नेछ। परिस्थिति अनुकूल रहे पनि भौतिक सुविधाले खर्च निम्त्याउनेछ।रमाइलोक्षणमापनिमनढुक्कनहुन सक्छ। विवादबाट सजग रहनुहोला। प्रयत्न गर्दा आम्दानी बढाउने काम सुरु गर्न सकिनेछ। प्रेम र मित्रताको बन्धन कस्न सकिनेछ।

### कर्कट

प्रतिस्पर्धामा उत्रनुपरे पनि बुद्धिको उपयोगले प्रतिष्ठा जोगाउन सफल भइनेछ। ईर्ष्या गर्नेहरूलाई पनि मिहिनेतको पाठ सिकाउन सकिनेछ। स्रोतसाधन जुट्नाले दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ। प्रयत्न गर्दा विभिन्न अवसर प्राप्त हुनेछन् र मनग्गे फाइदा उठाउन सकिनेछ। शत्रु परास्त हुनेछन् भने रोगबाट उन्मुक्ति मिल्नेछ। विवाद तथा मुद्दाहरूमा आफ्नो पक्ष बलियो रहनेछ।

### सिंह

अध्ययनमा प्रगति हुनेछ। सेवामूलक कामबाट धनलाभ हुनेछ। शुभचिन्तकहरूले साथ दिनेछन्। लगनशीलताले राम्रै उपलब्धि दिलाउनेछ। प्रतिभा प्रदर्शन गर्दै बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ। प्रयत्न गर्दा लक्ष्य प्राप्त हुनुका साथै दिगो लाभ हुने काम प्रारम्भ हुनेछ। फाइदाको स्रोत पहिल्याउन सकिनेछ। गुरुजनको सुझाव र सन्तानको सहयोग लाभदायी बन्नेछ।

### कन्या

परिस्थिति अनुसार निर्णय लिन नसक्दा काम दोहोर्‍याउनुपर्ने हुन सक्छ। हिस्सेदारसँग असमझदारी बढ्नाले पहिलेको सम्झौता भंग हुन सक्छ। बेसुरमा दिइएको वचनले समस्या निम्त्याउन सक्छ। महत्त्वपूर्ण योजना तत्काल सार्वजनिक नगर्नुहोला। घरायसी आवश्यकता बढ्नाले अर्थ अभाव देखा पर्न सक्छ। अनावश्यक साइनो गाँसी नजिकिनेहरूसँग सावधान रहनुहोला।

### तुला

नयाँ काम प्रारम्भ गर्ने समय छ। मिहिनेतले दिगो फाइदा दिलाउनेछ। पहिलेको उपलब्धिले उत्साह जगाउनेछ। सहयोगीहरूले राम्रो साथ दिनाले चिताएका काम सम्पादन हुनेछन्। उद्योग र व्यापारमा विशेष फाइदा उठाउन सकिनेछ। गरिएका कर्मको छोटो समयमै उचित प्रतिफल पाइनेछ। विशेष उपहार समेत हातलागी हुन सक्छ। शत्रु र प्रतिस्पर्धीलाई पछि पार्न सफल भइनेछ

### बृश्चिक

बोलीको प्रभाव बढ्नेछ भने अभिव्यक्ति कलालाई निखार्ने अवसर जुट्नेछ। चिताएको काम सम्पादन हुनेछ। पहिलेका कमजोरीलाई सुधार्ने मौका छ। मिहिनेतले सम्मानित स्थान दिलाउनेछ। मान(सम्मान प्राप्त हुनेछ। सम्पादित कामबाट धन लाभ हुनेछ। आम्दानीका स्रोत बढ्नुका साथै दिगो फाइदा हुने काममा सम्झौता गर्ने समय छ। नाम, दाम र इनाम प्राप्त हुनेछ।

### धनु

रमाइलो जमघटमा सहभागी बन्ने अवसर जुट्नेछ। मिहिनेतको परिणामले आत्मविश्वास बढाउनेछ। विशेष अवसरले प्रसन्नता दिलाउनेछ भने सहयोगीहरूको साथले काममा उत्साह जगाउनेछ। विशिष्ट व्यक्तिहरूसँग भेटघाट हुनेछ भने आकर्षक उपहार प्राप्त हुन सक्छ। रमाइलो जमघटको आनन्द प्राप्त हुनेछ। नयाँ कामको अवसर प्राप्त हुनाले हौसला जाग्नेछ।

### मकर

भैपरी आउने खर्चले चिन्ता बढाउन सक्छ। परिवारजनबाट टाढिनुपर्ला। प्रलोभन देखाउनेहरूले फसाउन सक्छन्। दिगो योजनाका लागि ऋण लिनुपर्ने आवश्यकता पर्न सक्छ। अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला। करकापमा परी काम वा विशेष निर्णय गर्नुपर्ने परिस्थिति आउन सक्छ। आफ्ना कमजोरीबाट लाभ उठाउनेहरू सक्रिय हुने हुँदा सावधान रहनुहोला।

### कुम्भ

सोखले केही खर्च बढाए पनि मिहिनेतको फल प्राप्त हुनेछ। आम्दानी बढ्नाले उत्साह जाग्नेछ। श्रमको उचित मूल्य पाइनेछ। व्यापारमा राम्रै फड्को मार्न सकिनेछ। छोटो समयमै राम्रो उपलब्धि हातलागी हुनेछ। रोकिएको काम बन्नेछ भने जिम्मेवारी समेत बढ्न सक्छ। दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ भने आर्थिक साझेदारीबाट पनि मनग्गे लाभ मिल्नेछ।

### मीन

पुराना कामको चर्चा हुनेछ भने नयाँ काममा प्रतिष्ठित व्यक्तिहरूसँग सहकार्य गर्ने अवसर जुट्नेछ। विशेष भेटघाटले उत्साह जगाउनेछ। मिहिनेतले नाम, दाम र इनाम दिलाउन सक्छ। तारिफयोग्य काम गर्दै धेरैको उपकार गर्न सकिनेछ। सामाजिक जिम्मेवारी प्राप्त हुनुका साथै आफ्नो वर्ग वा क्षेत्रको नेतृत्व पनि हातलागी हुने समय छ। दिगो फाइदा हुने काम प्रारम्भ हुन सक्छ। शरीरमा स्फूर्ति आउनेछ।

## नेपथ्य लण्डनमा

काठमाडौं। नेपथ्य तेस्रोपटक बेलायतमा प्रस्तुत हुने भएको छ। पाँच वर्षअघि बिम्बले एरेनामा ऐतिहासिक प्रस्तुति दिएको र त्यसैलाई पछ्याउँदै तीन वर्षअघि लण्डनकै ओ टु एकेडेमी ब्रिक्सटनमा प्रस्तुत भएको नेपथ्यले फेरि आफूलाई ओ टु एकेडेमीमै उभ्याउँदैछ। यसअघि भर्खरै अमेरिकाको बोस्टन र टेक्ससपछि जापानको टोकियो डोममा नेपथ्यले भव्य प्रस्तुति दिएको थियो। यसै सेप्टेम्बरको १ तारिखका दिन बेलायतमा प्रदर्शनको तयारी ब्याण्डले सुरु गरिसकेको छ।

'सन् २०१५ मा दोश्रोपटक नेपथ्यले आफूलाई प्रस्तुत गर्दा सबै हिसाबले ब्याण्डका निम्ति त्यसलाई अनुकूल देखिएकोले फेरि त्यसै स्थललाई रोजेका हौं,' ब्याण्डलाई प्रवर्द्धन गर्दै आएको नेपालयका किरणकृष्ण श्रेष्ठ भन्छन्।' कार्यक्रमका निम्ति ओ टु एकेडेमीले पहिलेजस्तै अनलाइन बुकिङको समेत व्यवस्था गरेको छ। त्यस हलमा बब डिलन, मडोना, आइरन मेडन, सेक्स पिस्टल्स र युवी फोर्टी जस्ता हस्ती एवं टोलीहरूले आफूलाई उभ्याएर प्रस्तुत गरिसकेका छन्। त्यसैगरि विश्वप्रसिद्ध नामहरु एरिक क्ल्याप्टन, डायर स्ट्रेट्स, द पुलिस, ह्वाम र कल्चर क्लबजस्ता अरु थुप्रै नामहरु ओ टु एकेडेमीसँग जोडिएका छन्।

## "मालिका" को शीर्ष गीत सार्वजनिक

तिहारमा रिलिज हुन लागेको नायिका रेखा थापाको निर्माण तथा निर्देशनमा तयार चलचित्र 'मालिका'को शिर्ष गीत सार्वजनिक भएको छ। 'सर सर' बोलको गीतमा आस्था राउतको स्वर, सुरेश अधिकारीको शब्द तथा संगीत छ। यो गीतले एक किशोरीको जीवनका २ वटा पाटोलाई प्रस्तुत गरेको छ।

बालविबाह गर्न बाध्य किशोरीको जीवनमा आएको परिवर्तनलाई गीतमा देखाइएको छ। कमजोर र सशक्त नारीका २ अवतार भिडियोमा हेर्न सकिन्छ। नर कार्की कार्यकारी निर्माता रहेको यो चलचित्रलाई सरस्वती थापाले निर्माण गरेकी हुन्। नर कार्की र रेखा थापाको कथा रहेको चलचित्रमा शिवम् अधिकारीको पटकथा, बनिष शाहको सम्पादन छ।

## "रोज" को कन्सर्ट मोसफलमा

युवा स्टार नायक प्रदिप खड्काको मोफसल कनेक्शन गज्जबकै छ। उनी, आफ्ना हरेक चलचित्रको प्रमोशनका क्रममा मोफसल दौडमा पुग्छन्। 'प्रेमगीत २, लिलिबिली'को लागि मोफसलका विभिन्न शहरमा पुगेर दर्शकसँग प्रत्यक्ष भेटघाट गरेका प्रदिप अब चलचित्र 'रोज' को प्रमोशनका लागि पनि काठमाण्डौ बाहिर पुग्ने भएका छन्। विभिन्न ८ शहरमा चलचित्रको टुर हुने निर्माणपक्षले बताएको छ। मोफसलको ठूलो फिल्म बजार मानिने पोखरादेखि टुर सुरु हुनेछ। १४ भदौमा मिडटाउन ग्यालरी अगाडि टीम 'रोज' ले प्रस्तुति दिनेछ। भदौ १५ मा औद्योगिक नगरी बुटवलमा कन्सर्ट हुनेछ।

१६ भदौ नारायणगढ, १७ भदौ इटहरी र धरान, १८ भदौ दमक र बिर्तामोड र २० भदौमा राजधानी काठमाडौंमा कन्सर्ट र प्रेसमिट हुने बताइएको छ। नायक प्रदिप खड्का र गायक प्रताप दास यो टुरमा सहभागी हुनेछन्। निरक पौडेलले निर्देशन गरेको यो चलचित्रमा परमिता आर एल राणा र मिरुना मगर मुख्य भूमिकामा छन्। गोपिकृष्ण मुभिज र आरोही इन्टरटेनमेन्टले मिलेर बनाएको यो चलचित्र भदौ २२ गतेबाट रिलिज हुँदैछ।

## आँचल दंग

शुक्रवारबाट प्रदर्शनमा आएको फिल्म 'ब्याक' का कारण अभिनेत्री आँचल शर्मा अहिले चर्चामा छिन्। घरेलु बजारमा सुखद व्यापार गरिरहेको यो फिल्ममा उनको जोडी अभिनेता आकाश श्रेष्ठसँग बाँधिएको छ। पहिलो पटक उनले अभिनेता पल शाहको छायाँ समेत नपरेको फिल्ममा काम गरेकी हुन्। डेब्यु फिल्म 'नाईं नभन्नु ल ४' देखि तेस्रो फिल्म 'शत्रु गते' सम्म आइपुग्दा उनको जोडी पल थिए।

म्युजिक भिडियोदेखि लगातार फिल्म पनि सँगै गर्दा मिडियादेखि चिया पसलसम्म यी दुईको अफेयरको चर्चा छ। तर दुवैले एकअर्कालाई साथी बताउँछन्। आइतवार आँचलले आफू अभिनित फिल्म 'ब्याक' देखाउन पललाई लिएर कुमारी हल पुगेकी थिइन्। पलले फिल्म हेरेर निस्कँदै गर्दा आँचल र आकाशको जोडी सुहाएको बताए। उनले फिल्म राम्रो बनेको भन्दै दर्शकलाई हेर्न पनि आग्रह गरे। उता अभिनेत्री आँचल शर्मा र अभिनेता आकाश श्रेष्ठ 'ब्याक' हेर्ने दर्शकबाट उत्साहजनक प्रतिक्रिया पाएको भन्दै दंग देखिएका छन्।

प्रदर्शनको दिन राजधानीको कुमारी हलमा फिल्मको प्रेस शो राखिएको थियो। जहाँ आँचल फिल्मको नाम झैं ब्याक ड्रेसमा पुगेकी थिइन्। कालो पहिरनमा कुल देखिएकी उनी फिल्मलाई लिएर उत्साहित देखिएकी थिइन्। युवा पुस्तामाझ राम्रो फ्यान फलोइङ बनाएकी आँचल शनिबार दिउँसो 'ब्याक' को फिडब्याक बुझ्न राजधानीका केही हल पुग्दा सेल्फी लिनका लागि दर्शकबीच नै तछाडमछाड चलेको थियो। उनी फिल्मले बक्सअफिसमा सफलताको झन्डा फहराउनेमा विश्वस्त छिन्।

*(अनलाइनहरुबाट)*

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Lumen = चहकको मात्रा Power is measured in watts whereas the brightness in lumen (शक्तिको मात्रा वाटमा नापिन्छ भने चम्किलोपना चहकताको मात्रामा)

Mundane = सांसारिक He is mundane and thus has no interest in spiritual discussion (ऊ संसारिक कुरामा विश्वास गर्ने भएकोले उसलाई आध्यात्मिक छलफलमा चाख छैन)

'Novelty = नयाँ कुरा In today's world, computer is no longer a novelty (आजको विश्वमा कम्प्युटर कुनै नौलो कुरा होइन)

Outstrip = पछाडि पार्नु He won gold medal by outstripping all his competitors (सबै प्रतिस्पर्धीलाई पछाडि पार्दै ऊ सुनको तक्मा हात पार्न सफल भयो)

Platitude = पुरानै अभिव्यक्ति For professional it does not suit to express in always platitudes (पेसागत रुपबाट दक्षहरूको लागि सधैं उही अभिव्यक्ति सुहाउने कुरा होइन)

Quorum = गणपुरक The meeting could not take place because quorum was not present (गणपुरक संख्या नपुगेको हुँदा बैठक बस्न सकेन)

Reticent = चुप लागेर बस्ने He prefers reticent rather than exposing own's weakness (बोलेर आफ्नो कमजोरी देखाउनुभन्दा ऊ चुपै लागेर बस्न मनपराउँछ)

Soporific = लट्ठ पार्ने खालको His lecture was so soporific that every one in class falls asleep (उसको लेक्चर यति हाइ लाग्ने किसिमको हुन्छ कि कक्षामा सबै निदाउँछन्)

Tutelary = संरक्षकत्व By using his tutelary authority he did not grant me the permission to resign (आफूलाई संरक्षक ठानी उसले मलाई राजीनामा दिने अनुमति दिएन)

Unwieldy = राम्ररी नबानेको, अव्यवस्थित An unwieldy carton is always difficult to carry (राम्ररी नबानेको कार्टुन बोकेर हिँड्न गाह्रो हुन्छ)

## सामान्य ज्ञान (प्रश्नोत्तर)

समुद्री मार्गबाट विश्व यात्रा गर्ने प्रथम व्यक्ति को हुन् र कुन देशका हुन् ?
- तानिया, एवी, अमेरिका

ढुंगाबाट ४३४५० किमी यात्रा गर्ने अमेरिकीले सो यात्रा कति वर्षमा पूरा गरे ?
- २५ वर्ष

नटोक्ने तर सास फेरेर प्राणीलाई मार्ने क्षमता राख्ने सर्पको नाम के हो ?
- पिवणा सर्प

नेपालमा टेलिफोन अड्डाको स्थापना कहिले भयो ?
- सन् १९१५

सिंहदरबार जिन्सी अड्डाको स्थापना कहिले भयो ?
- सन् १९२१

सर्वोच्च अदालतका प्रथम न्यायाधीश को हुन् ?
- भगवतीप्रसाद सिंह

प्रथम सार्कको शिखर सम्मेलन बंगलादेशमा हुनेबारे निर्णय कहाँ भयो ?
- सन् १९८४ माले

विश्वले सार्कलाई के को रुपमा चिन्दछ ?
- गरिबहरूको समूह

सार्कको दोस्रो शिखर सम्मेलन कहिले र कहाँ भयो ?
- सन् १९८६, भारत

सार्क बडापत्रमा कहिले हस्ताक्षर भयो ?
- सन् १९८५, डिसेम्बर ८

सार्कको सञ्चालन कसरी हुन्छ ?
- १० सूत्रीय सार्क बडापत्रको आधारमा

सिंगापुरमा बढी प्रतिशत कुन जाति बसोबास गर्छन् ?
- ७० प्रतिशत चिनिया

अन्तरिक्षमा २८२ दिनसम्म बस्ने व्यक्ति कुन देशका हुन् ?
- रूस

## Go बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Go through = सर्रर पढ्नु, I have already gone through today's newspaper आजको पत्रिका मैले सर्रर पढिसकें।

Go through = अनुमोदन गर्नु The bill could not go through the parliament अध्यादेश संसदबाट अनुमोदन हुन सकेन।

Go through something = छिराउनु I have gone through the elbows of my sweater मैले स्वेटरको बाहुलाबाट टाउको छिराएं।

Go through something = छाम्नु I went through all my pockets, but could not find the keys मैले मेरो सबै खल्ति छामें तर साँचो भेट्टाउन सकिनँ।

Go through with something = आवश्यक कार्य गर्नु She decided not to go through the abortion गर्भपतन गर्न आवश्यक कार्य नगर्ने तिनले निर्णय लिइन्।

Go to somebody = लागि जानु The earning out of the musical concert will go to charity संगीत कार्यक्रमबाट भएको कमाई सेवा कार्यमा जानेछ।

Go towards something = किन्नमा प्रयोग गर्नु This money can go towards buying new camera यो पैसा नयाँ क्यामेरा किन्नमा प्रयोग हुनेछ।

Go under = डुब्नु This bank can go under very soon छिट्टै यो बैंक डुब्न सक्नेछ।

Go up = ठडिनु New office buildings are going up everywhere जताततै नयाँ कार्यालय भवनहरु ठडिँदा छन्।

Go up to = सम्म जानु Every morning he goes up to temple and comes back हरेक दिन ऊ मन्दिरसम्म जान्छ र फर्कन्छ।

## सुडोकु-अंक ११६

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ४ | | ९ | ८ | | | ७ | |
| | | २ | ७ | | | ३ | | |
| ८ | | | | | | | ९ | |
| | | | ३ | | | | | १ |
| ७ | ९ | | | | | | ६ | ५ |
| ६ | | | | | ७ | | | |
| | ५ | | | | | | | ४ |
| | | ६ | | | १ | २ | | |
| | ३ | | | ६ | ८ | | ५ | |

## अंक ११५ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | ९ | ७ | २ | ६ | ८ | ४ | ३ | ५ |
| २ | ४ | ६ | ३ | ७ | ५ | ८ | ९ | १ |
| ८ | ३ | ५ | १ | ९ | ४ | ६ | ७ | २ |
| ७ | ५ | ९ | ६ | ४ | ३ | १ | २ | ८ |
| ३ | २ | १ | ८ | ५ | ९ | ७ | ४ | ६ |
| ६ | ८ | ४ | ७ | १ | २ | ३ | ५ | ९ |
| ९ | १ | २ | ४ | ८ | ७ | ५ | ६ | ३ |
| ५ | ७ | ८ | ९ | ३ | ६ | २ | १ | ४ |
| ४ | ६ | ३ | ५ | २ | १ | ९ | ८ | ७ |

# परियोजनामा बाल विकास समाज




















## परियोजना समापन कार्यक्रम सम्पन्न

बाल विकास समाजको आयोजना भक्तपुर ईट्टा उद्योग व्यवसायी संघको समन्वयमा तथा सेभ द चिल्ड्रेनको साझेदारीमा संचालित नेपालमा रहेका ईट्टा उद्योगमा कार्यरत बालबालिकाहरुको संरक्षण परियोजना अन्तर्गत भक्तपुर र काभ्रेको रोशी गाउँपालिका वडा नं. १ खहरेपाँगु, वडा नं. २ सिखरआम्बोटे, वडा नं. ४ महादेवटार, वडा नं. ७ कटुन्जे र वडा नं. ८ खार्पाचोकमा अक्टुबार सन् २०१७ देखि अगस्ट सन् २०१८ सम्म कार्यक्रम संचालन गरिएको छ। कार्यक्रमले ईट्टा उद्योगमा प्रभावित बालबालिका, कामदार, नाईके, महिला तथा किशोरकिशोरीहरुका लागि शिक्षा, स्वास्थ्य, आयआर्जन, जनचेतना, बाल संरक्षण आदि क्षेत्रमा काम गर्दै आईरहेको छ। यसरी परियोजना लक्ष्य अनुरुप कार्यक्रम संचालन भएका क्षेत्रहरुमा परियोजनाले आफ्नो उदेश्य प्राप्त गर्न सफल पनि भएको छ । यसरी परियोजना संचालन भएका क्षेत्रभित्रका सरोकारवालाहरुको सहभागीतामा विभिन्न स्थानमा परियोजना समापन कार्यक्रम सम्पन्न भयो । मिति २०७५ साल श्रावण २९ गते भक्तपुर चाँगुनारायण नगरपालिकाको बैठक हलमा उक्त नगरपालिकाको उपप्रमुख श्री विना बास्तोलाको प्रमुख आतिथ्यतामा तथा नगर र वडा स्तरीय बाल संरक्षण तथा सम्बर्द्धन समितिका पदाधिकारीहरु, भक्तपुर ईट्टा उद्योग व्यवसायी संघका अध्यक्ष नातीभाई हेम्बा, कार्यक्रम संचालन भएका विद्यालयका शिक्षक तथा विद्यार्थीहरु, नगरपालिकाका महिला तथा बालबालिका शाखाका कर्मचारी, पत्रकार, सेभ दि चिल्ड्रेनका कार्यक्रम संयोजक भरत तामाङ्ग, बाल विकास समाजका कर्मचारीहरु, भक्तपुर बाल क्लव सञ्जालका सदस्य आदिको सहभागीता रहेको थियो । परियोजना अवधि भित्र यस नगरपालिका भित्र संचालित कार्यक्रमको उपलब्धी, आईपरेका समस्या, सिकाई आदिको बारेमा समाजका कार्यक्रम व्यवस्थापक प्रयसा के.सीले जानकारी गराउनु भयो भने कार्यक्रम समाजका सिनियर कार्यक्रम सुपरभाइजर भरत थापाले संचालन गर्नु भएको थियो । बाल विकास समाजले ईट्टा उद्योगका बालबालिका तथा कामदारका लागि अति नै सराहनिय कार्य गरेकोमा धन्यवाद दिनै पर्ने कुरा भक्तपुर ईट्टा उद्योग व्यवसायी संघका अध्यक्ष नातिभाई हेम्बाले बताए । त्यस्तै कार्यक्रमका प्रमुख अतिथि बिना बास्तोलाले परियोजनाले राम्रो काम गरेकोमा बदाई दिदै अवका दिनमा नगरपालिकाले बालबालिकाको क्षेत्रमा नगर स्तरीय बाल संरक्षण तथा सम्बर्द्धन समितिले गर्दै आएकोमा थप जिम्मेवारी दिईने कुरा बताउनु भयो ।

त्यस्तै काभ्रेको रोशी गाउँपालिका वडाहरुमा समेत स्थानीय सरोकारवालाहरु गाउँपालिका अध्यक्ष, वडा अध्यक्ष, वडा सदस्यहरु, विद्यालयका शिक्षक एवम् बालबालिका, समाजसेवी, महिला स्वरोजगार शिक्षा कक्षाका सहभागी, समुह व्यवस्थापन समितिका पदाधिकारीहरु, महिला स्वास्थ्य कार्यकर्ता, बाल क्लव, वडा स्तरीय बाल संरक्षण समितिका पदाधिकारीहरु आदिको सहभागीतामा, समापन कार्यक्रम सम्पन्न भयो । रोशी गाउँपालिका वडा नं. ८ मा मिति २०७५ साल श्रावण ३० गते, वडा नं. ४ मा ३१ गते, वडा नं. १ मा भाद्र १ गते, वडा नं. २ मा २ गते र वडा नं. ७ मा भाद्र ५ गते काभ्रेमा परियोजना समापन कार्यक्रम सम्पन्न भयो। कार्यक्रम सम्पन्न क्रियाकलापहरुको बजेट सहित प्रस्तुती समाजका कार्यक्रम सुपरभाइजर दिपेन्द्र पराजुलीले गरे। समापन कार्यक्रममा प्राय सवै स्थानहरुमा सरोकारवालाहरुद्धारा बाल विकास समाजको परियोजनाले सकिएकोले दुख व्यक्त गरे र सो कुरामा यस परियोजना सकिएता पनि बाल विकास समाज भने रहिरहने कुरामा प्रष्ट पार्ने कुरा भयो। कार्यक्रममा महादेवटारका वडा स्तरीय बाल संरक्षण समितिका संयोजक धावा लामाले बाल विकास समाजले यस परियोजना मार्फत यहाँका महिला दिदी बहिनीहरुलाई शिक्षा दिई आखाँ खोलिदिएको कुरा बताए। साथै बालबालिकाहरुको लागि शैक्षिक सामाग्री वितरण, विभिन्न तालिमहरुले बालबालिकाहरुमा पढ्न जाने वातावरणको सृजना गरेको कुरा जोडे । यस्तै चण्डी स्वरोजगार शिक्षा कक्षाकी सहभागी विमला वि.क.ले बाल विकास समाजले हामी महिलाहरुलाई लेख्न पढ्न सिकाई केहि पैसा दिई व्यवसाय गर्न सिकाएकोमा हामीले व्यवसाय गरेरे धेर थोर नाफा कमाउन सक्ने भएका छौं भन्ने कुरा बताइन्। त्यस्तै रोशी गाँउपालिकाका अध्यक्ष डिभी लामाले भने यस परियोजले यस गाउँपालिकाका ५ वटा वडाहरुमा महिला, बालबालिकाहरुका लागि शिक्षा, बाल संरक्षण, आर्यआर्जन आदि कार्य धेरै नै राम्रोसँग गरेको कुरा आफुले सुनेको कुरा बताए । अन्त्यमा सबै क्षेत्रमा समापन कार्यक्रममा स्थानीय सरोकारवालाहरुले बाल विकास समाज तथा सेभ द चिल्ड्रेनबाट जानुभएका कर्मचारीहरुलाई फुलमालाले विदाई गरी पठाए । यस परियोजनालाई सफल बनाउन प्रत्येक र अप्रत्येक्ष रुपमा साथ र सहयोग पुऱ्याउनु भएका सबै निकाय, कार्यालय तथा महानुभावहरुलाई सेभ द चिल्ड्रेनका कार्यक्रम संयोजक भरत तामाङ्गले धन्यवाद दिनु भयो । अबका दिनमा यस परियोजनाले संचालन गरेको कार्यक्रमहरु स्थानीय सरकार नगरपालि, गाउँपालिका तथा वडा कार्यालयहरुले लक्षित बजेटमा यहि कार्यक्रमलाई निरन्तरता दिएमा थप प्रभावकारीता हुने देखिन्छ ।

**प्रस्तुती भरत थापा**

बाँकी ८ पेजमा



## बहाल कर...

सिफारिसमा नाबालक, स्वास्थ्योपचार, अदालत शुल्क मिनाहा, स्वदेशमा अध्ययन गर्न दिइने छात्रवृत्ति, विपन्न विद्यार्थी, नागरिकता, आर्थिक अवस्था कमजोर भएको, अपांगता भएका व्यक्ति, प्राकृतिक प्रकोपबाट भासिएको घर सिफारिस लगायत छन् ।

करको भारी वृद्धि गरी स्थानीय निकायहरुले जनतालाई मारमा पारेको भन्दै देशव्यापी रुपमा सुधारको माग भइरहेका बेला काठमाडौं महानगरपालिकाले जनतालाई केही राहत पुग्ने गरी कर हटाएर कर विवादबाट आफूलाई टाढा राख्ने प्रयास गरेको छ ।

## विश्वकर्माको...

कार्यकर्ताहरुलाई गिरफ्तार गरी अमानवीय ढंगले क्रुर यातना दिएको र गैरकानुनी रुपमा थुनामा राखिएकोमा हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ । गिरफ्तारीको घोर भत्सर्ना गर्दछौं । साथै तत्काल विनाशर्त रिहाईको माग गर्दछौं । रिहाइको माग गर्ने महिला संघहरुमा अखिल नेपाल महिला संघ (मिना पुन), अध्यक्ष, अखिल नेपाल महिलासंघ (क्रान्तिकारी) (रुपा गेलाल), सह-सचिव, अखिल नेपाल महिलासंघ क्रान्तिकारी (प्रतिमा गहतराज), कोषाध्यक्ष, अखिल नेपाल प्रगतिशील महिला संघ (जनककुमारी चालिसे), उपाध्यक्ष, महिला शक्ति महासंघ नेपाल (मनु हुमागाईं) संयोजक छन् ।

## करको मारमा...

सरिफ प्रधानमन्त्री भएका थिए । उनले तीन पटकसम्म प्रधानमन्त्रीका रुपमा पाकिस्तानको नेतृत्व गरे । बेनजिरको हत्यापछि भएको आमनिर्वाचनमा पाकिस्तान पिपुल्स पार्टीले बहुमत ल्यायो । सन् २०१३ को आमनिर्वाचनमा पाकिस्तान मुस्लिम लिगले बहुमत ल्यायो र नवाज सरिफ फेरि प्रधानमन्त्री भए । पाकिस्तानको सुप्रिम कोर्टले एक वर्षअघि पनामा पेपर लिक काण्डमा सरिफलाई दोषी ठहर गर्दै पदबाट बर्खास्त गरिदियो । अहिले उनी दश वर्षे जेल सजाय भोगिरहेका छन् । यसअघि उनले सेनाकै कारण पद गुमाउनु परेको थियो ।

इमरानको दलले चुनावमा बहुमत ल्याउनुमा सेनाको पूर्ण सहयोग रहमेको विपक्षी दलहरु पीपीपी र पाकिस्तान मुस्लिम लिग (नवाज) ले आरोप लगाएका छन् । यद्यपि यो विषयलाई सेनाले खण्डन गरेको छ भने इमरानको हातमा पाकिस्तानी सत्ताको साँचो आएको छ । प्रधानमन्त्रीको शपथ लिएपछि इमरान एक्कासी अहिले चर्चामा आएका छन् । नवनिर्वाचित प्रधानमन्त्री खानले दरबारजस्तो सरकारी निवास छोडेका छन् । प्रधानमन्त्री निवासलाई अनुसन्धान विश्वविद्यालय बनाउने घोषणा गरेका छन् । उनी अहिले सैनिक सचिवको सरकारी निवासमा सरेका छन् । आफ्नो कार्यकाल त्यहींबाट राज्य मामिला सम्हाल्ने पाकिस्तानी सञ्चार माध्यमहरुले जनाएका छन् ।

उनले आफूसँग सैन्य सुरक्षाका साथै दुईजना मात्रै कामदार लगेका छन् । जबकि प्रधानमन्त्री निवासमा कर्मचारी मात्र ५ सय २४ जना थिए । सरकारी खर्च कम गर्ने आफ्नो पूर्वयोजना अनुसार नै खानले प्रधानमन्त्री निवासमा नबस्ने घोषणा गरेका निर्णय लिएको सञ्चार माध्यमहरुले जनाएका छन् । प्रधानमन्त्रीको सरकारी निवास छोडेर खान बानीगालस्थित आफ्नै घरमा बस्न चाहेका थिए तर सुरक्षा एजेन्सीले त्यहाँ सुरक्षा खतरा रहेको बताएपछि सैन्य सुरक्षा भएको घरमा बस्न थालेका छन् । 'म त बानिगाल छोड्न चाहन्थैं तर यसका लागि बाध्य भएँ' उनले भनेका छन् । पाकिस्तानी प्रधानमन्त्रीका लागि ३३ वटा बुलेट प्रुफ कारको व्यवस्था भए पनि नवनिर्वाचित प्रधानमन्त्री खानले भने दुईवटा मात्र प्रयोग गर्ने भएका छन् । बाँकी कार छिट्टै लिलामी गर्ने पनि उनले योजना अघि सारेका छन् । यसबाट आएको रकम राज्यकोषमा जम्मा हुनेछ । साथै सरकारी खर्च कटौतीका लागि डा. इस्रत हसनीको नेतृत्वमा समिति नै बनाउने खानले जानकारी दिएका छन् ।

प्रधानमन्त्री निवास कोलनीमा रहेको सैन्य सचिवको सरकारी निवासमा खान आइतबारबाहेक साताको ६ दिन बस्ने बताइएको छ । आइतबार उनी आफ्नै बानिगालस्थित घरमा बस्नेछन् । प्रधानमन्त्रीको रुपमा पद सम्हालेपछि पहिलो पटक देशबासीका नाममा सम्बोधन गर्दै आफू सैन्य सचिवको निवासमा बस्ने बताएका थिए । सैन्य सचिवको सरकारी निवासमा तीनवटा मात्रै कोठा रहेको छ । सम्बोधनका क्रममा उनले आफूले तीन जना मात्र सहयोगी राख्ने जानकारी दिएका छन् । प्रधानमन्त्री खानले प्रधानमन्त्री कार्यालयमा रहेका सबै सरकारी गाडी पनि लिलाममार्फत बिक्री गर्ने समेत सम्बोधनका क्रममा बताएका छन् । कोही पनि गभर्नर देशको सरकारी भवनमा नबस्ने घोषणा समेत देशबासीका नाममा गरेको सम्बोधनका क्रममा उनले भनेका छन् ।

'हामीले हाम्रो सोच्ने तरिका परिवर्तन गऱ्यौं भनेर अनुभव गर्न सक्नुपर्छ । नयाँ पाकिस्तानमा नयाँ सोच चाहिन्छ' हामीले पैसा जोगाउनु छ र देशको अति विपन्न समुदायका खर्च गर्नुछ ।' सम्बोधनका क्रममा उनले भनेका छन् । ऋणको भारी बोकेर कुनै पनि देशले विकास वा परिवर्तन गर्न नसक्ने बताउँदै उनले ऋण भनेको छोटो समयका लागि हुनुपर्ने प्रस्ट पारेका छन् । 'ऋणबाट हामी दीर्घकालीन विकास गर्न सक्दैनौं । जब हामी ऋण लिन्छौं त्यो बेला आत्मसम्मान र अखण्डतासँग सम्झौता गर्नुपर्ने हुन्छ ।' खानले भनेका छन् । प्रधानमन्त्री निवास भने वर्ल्ड क्लास युनिभर्सिटीमा परिणत गरिने पनि उनले जनाएका छन् । प्रधानमन्त्रीका लागि छुट्याइएको अतिरिक्त हेलिकप्टर बिक्री गर्ने र सो रकम मातृशिशु मृत्युदर घटाउन खर्चने खानले घोषणा गरेका छन् । प्रधानमन्त्रीसँग ३३ बुलेटप्रुफ कार, उड्नलाई हेलिकप्टर र जहाज छन् । तर जनताका आवश्यकता पूरा गर्ने पैसा छैन ।' इमरानले भनेका छन् ।

उनले प्रधानमन्त्री तथा उच्च पदस्थ व्यक्तिको भ्रमणमा हुने अनावश्यक खर्च कटौती गर्ने जनाएका छन् । उनले सबै सरकारी निवासहरु सकेसम्म सामान्य बनाउने जानकारी दिएका छन् । भ्रष्टाचारप्रति शून्य सहनशीलता अपनाउने भन्दै इमरानले राष्ट्रको सम्पत्ति लुट्नेलाई नछोड्ने प्रतिबद्धता व्यक्त गरेका छन् । पाकिस्तान मुस्लिम राष्ट्रका रुपमा स्थापित भएदेखि नै जनताले स्थायित्व र प्रशासनका लागि प्रतिक्षा गरे पनि ७१ वर्ष खेर गएको दाबी गर्दै भनेका छन्- 'अब म देशबासीको चाहना पूरा गरेरै छोड्छु' प्रधानमन्त्रीका लागि छुट्याइएका ३३ वटा बुलेटप्रुफ कारसहित ८० वटा गाडी लिलाममा बिक्री गरी शिक्षाबाट वञ्चित २ करोड बालबालिकालाई विद्यालय पढ्न पढाउने जनाउँदै गाडी खरिद गर्न व्यापारीहरुलाई आह्वान समेत गरेका छन् । प्रधानमन्त्रीका लागि छुट्याइएको अतिरिक्त हेलिकप्टर समेत बिक्री गर्ने जनाउँदै खानले उक्त रकम मातृ मृत्युदर घटाउन खर्चने घोषणा गरेका छन् ।


२२ करोड जनसंख्या भएको पाकिस्तानको राजनीतिक इतिहास सुखद छैन । पटक पटक सैन्य शासन व्यहोर्दै आएको छ पाकिस्तानले । इमरान र उनको दललाई सेनाले विजयी गराएको विपक्षी दलहरुको दाबी छ । तर इमरानले जुन प्रकारले आक्रमक इनिङ गरेका छन्, त्यसले पाकिस्तानी राजनीतिमा तहल्का मच्चाइदिएको छ ।

इमरानबाट हाम्रा नेपाली नेताहरुले राजनीति भनेको विशुद्ध जनसेवा हो, व्यक्तिगत पारिवारिक र दलको स्वार्थ पूरा गर्नका लागि राजनीति गर्नु हुँदैन भनेर शिक्षा लिन सके मात्र सुखी नेपाली समृद्ध नेपालको सपना साकार हुन्छ । नेपालमा कम्युनिस्टहरुको सरकार छ । संविधानले समाजवादको कल्पना गरेको छ । कम्युनिस्टहरुको लक्ष्य त झन् समाजवादबाट साम्यवादमा पुग्ने हो । तर कम्युनिस्टहरु नै कमाउनिस्ट भएपछि देशको हालत कस्तो होला ? बाटाघाटा भ्वाङ परेर हिँड्न नहुने छ प्रधानमन्त्री पानीजहाजको टिकट काट्न ठट्यौली गर्छन् । तरकारीको बिचौलियालाई हटाउन समेत सरकार असमर्थ छ । यातायातको सेन्डिकेट फेरि ब्युँतिएको छ । बीस वर्षे थोत्रा गाडी फेरि गुडाउन लगिँदैछ । भ्रष्टाचारको जालो कस्तो छ भन्ने त सिक्चा सिंचाइ परियोजनाले देखाइसकेको छ । ३३ केजी सुन त पत्ता लगाउन नसक्ने वामपन्थीहरुको सरकारले विकास र समृद्धिको राजमार्ग पत्ता लाउला भनेर कसरी विश्वास गर्ने ? उखान टुक्काले देश बन्दैन, देश बनाउन भिजन चाहिन्छ, जसरी इमरानले पाकिस्तानमा देखाउन सुरु गरे ।

## सडकका...

पुऱ्याउने रानाभाटलाई वर्तमान नेकपा सरकारले कस्तो व्यवहार गर्छ भनी प्रतिक्षा गरिरहेको बुझिएको छ ।

# हाम्रा न्यायप्रेमी विद्वानहरुसँग



**जगदीश लामिछाने**
रौतहट, पौराई

भियतनाम जर्मनी अथवा कोरिया जस्तो पहिले एउटापछि विदेशीले गराउँदा दुईटा भएको र समयमा एउटै भएको अघिल्ला दुई एक भइसकेका छन् । अहिले एक हुन कोसिस गरिरहेको कोरिया जस्तो होइन नेपाल । न त भारत जस्तो जातीय राज्यहरुकै बाहुल्य भएको हो नेपाल । यो देशका सबैजसो क्षेत्रमा बहुजातीय बसोबास छ । सबै प्रजातान्त्रिक न्यायमा बाँच्न चाहन्छन् । छिमेकी चीनझैँ पनि कम्युनिज्म भएको छैन नेपाल । प्रधानमन्त्री केपी ओलीले चुनावकै ताका शासन त प्रजातान्त्रिक नै हुन्छ भनेकै छन् । श्री ५ पृथ्वीनारायणको जनताप्रतिको न्याय र आस्था, श्री ५ महेन्द्रको गाउँगाउँमा नेताहरुले वाचा गरी नियमित जनहितका काम गर्ने चुनावमय नेपाल हो ।

तर एउटा कुरामा अलि असफल छ । दक्षिणी देश भारतबाट बसाइँ सरी आउनेहरुलाई रोक्न राजा छउन्जेल अनेक कोसिस भए पनि राजतन्त्र हट्दा नेपाली कांग्रेसले नै नागरिकता खुकुलो पारी लाखौं विदेशी नेपालमा नागरिकता लिई बस्ने भए । भोलि उत्तरी चीनले पनि यसै गरी थप्दै गयो भने नेपाल दुवै देशलाई बराबर बाँडी यो देशका लाखौं जनता विस्थापित हुनुपर्छ कि ? भन्ने शंका उठेको छ । वर्तमान ओली सरकार चनाखो कार्यमा छैन । हाम्रो परम्परा जनहितैषी प्रजातन्त्रप्रेमी र जनताका लागि न्यायप्रेमी भएर नै पञ्चायतकालमा पनि कयौं विषयमा सर्वोच्च अदालतमा राय लिइन्थ्यो ।

अहिले न्यायक्षेत्रमा सर्वोच्च अदालतका प्रधान न्यायाधीश र न्यायाधीश छान्दा संसदीय समिति तटस्थ भएन भन्ने व्यापक जनगुनासो छ । किनभने न्यायाधीशको सेवा प्रवेशमै हेर्नुपर्ने शैक्षिक आदि कमजोरी पूर्व प्रधानन्यायाधीश गोपालप्रसाद र भर्खरै अस्वीकृत प्रधानन्यायाधीशको नियुक्ति तथा परीक्षणकालमै हेरिएनछ । अदालतले आफ्नो क्षेत्रमा प्रवेश गर्ने प्रत्येक न्यायाधीशको सेवा प्रवेशमै हेर्नुपर्छ र चारित्रिक अयोग्यताको पनि तत्तत् समयमा समुचित प्रमाण संकलन गरी कारबाही गर्दै जाने परिपाटी अवस्य सर्वोच्च अदालतले बसाउनैपर्छ । यो कसले गर्ने त अवश्य पनि कानुन व्यवसायी सम्पूर्ण चनाखो नभई भएन भन्नु नै यो लेखको तात्पर्य हो । त्यस्तै न्यायाधीशले भ्रष्ट हुनै भएन ।

तर कानुन व्यवसायी आफैं भ्रष्ट आचरण गर्ने र दलदलमा बाँडिएर बहुरुपी भएमा त्यो कसरी सम्भव हुन्छ ? किनभने २०१२ देखि कानुनी क्षेत्रको पढाइ महाविद्यालयहरुमा सुरु भई स्नातक भएकाहरु आफैं पनि आफ्ना नियन्त्रणमा बस्ने परिपाटी बनाउनैपर्छ । यो स्वास्थ्य सार्वजनिक सेवा गर्नेहरुलाई मेडिकल काउन्सिलले गर्ने परीक्षाभन्दा चर्को हुन अत्यावश्यक छ । किनभने सत्य तीतो हुन्छ । कतिपटक औषधि पनि हुन्छ भन्नैपर्छ । स्वास्थ्यभन्दा न्याय झन् पेचिलो छ । न्याय दिन ढिला गर्नु हुन्थ्यो त ? अहिले चाँडै छिन्नुपर्ने धेरै मुद्दा क्षेत्र क्षेत्रमै थन्किएका छन् ।

राणाकालमा मुद्दाका काम गर्ने बोकाहा जाली आदि भनिन्थे अहिले २०७५ मै काठमाडौंको सिनामंगलबाट बसमा बबरहल अदालत भवनसम्म पुग्दा म कानुन व्यवसायी हुँ भन्नेले हार्नेलाई जिताउन सक्छु न्यायाधीश मेरा भन्नु र मालापोत नापी आदिमा पनि कर्मचारीलाई भ्रष्ट गराउन घुस द्रव्य व्यवसाय गर्ने कम्तीमा पनि कानुन संकायमा पास भएका कानुन व्यवसायी देखिनु नै भएन । देखिएमा पटके कारबाही कानुन व्यवसायी संस्था बारले पनि गर्नुपर्छ । नजिकैका अदालत न्यायाधीशले खोजी खोजी आफ्नो चरित्र भ्रष्ट गर्नेलाई छोड्नै हुँदैन । यो कसले गर्ने गराउने त ? बारले गर्ने गरेको छ त ? सर्वोच्च अदालतले यस्तो परिपाटी देशमा बनाएको छ त ?

यस्तो किन लेखियो भने स्वतन्त्र सर्वोच्च अदालत नेपालको प्रजातान्त्रिक संविधानले अधिकारपृच्छा, उत्प्रेषण आदि समेत असाधारण अधिकार दिइएको संस्था हो । यी अधिकारहरु प्रजातन्त्रका प्राण नै हुन् । यी द्वारा नेपाल सरकारलाई नियन्त्रण गर्न सकिन्छ । यस्तो अधिकार थिएन भने कार्यपालिका भ्रष्ट हुन सक्छ, विधायिकाका सांसदहरु मैमत्ता होलान् । यी अधिकार छन् भनेर सर्वोच्च अदालत आफैं निष्क्रिय भई गजक्क फुलेर मात्र हुन्छ ? उसले आफ्नो कर्तव्य पूरा गर्नु पर्दैन ? यस कुरामा सर्वोच्च अदालत र सम्पूर्ण कानुन व्यवसायी न्यायप्रेमी चनाखो बनौं ।

नेपालको सर्वोच्च अदालत जिउ हो । सरकारी महान्यायाधिवक्ताका कानुन व्यवसायीहरु एउटा हात र गैरसरकारी बारका कानुन व्यवसायीहरु अर्का हात हुन् भन्ने सम्झेर दुवैतर्फका कानुन व्यवसायीमा उचित नियन्त्रण राखियो भने र काम भयो भने नेपालको राष्ट्रियता बलियो हुन्छ । हाम्रो न्याय क्षेत्र पनि झन् झन् उज्यालो हुँदै जान्छ । यतातिर सम्पूर्ण न्यायप्रेमी विद्वानहरुको दृष्टि पुग्छ कि ?

## चुलियो...

३.३ प्रतिशत रहेको छ । अघिल्लो वर्ष यस्तो मुद्रास्फीति हिमालमा ४.१ प्रतिशत, पहाडमा ६.४ प्रतिशत, तराईमा

४.४ प्रतिशत र काठमाडौं उपत्यकामा ३.१ प्रतिशत रहेको थियो ।

कुल विदेशी विनिमय सञ्चित २०७४ असार मसान्तको १०७९ अर्ब ४३ करोडबाट २.१ प्रतिशतले वृद्धि भई २०७५ असार मसान्तमा ११०२ अर्ब ५९ करोड पुगेको छ । कुल विदेशी विनिमय सञ्चितमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिती २०७४ असार मसान्तको ९२७ अर्ब २७ करोडको तुलनामा २०७५ असार मसान्तमा ६.७ प्रतिशतले वृद्धि भई ९८९ अर्ब ४० करोड रहेको छ । कुल सञ्चितीमा भारतीय मुद्रा सञ्चितीको अंश २३.८ प्रतिशत रहेको छ ।

आर्थिक वर्ष २०७४।७५ मा नगद प्रवाहमा आधारित कुल सरकारी खर्च २६.२ प्रतिशतले वृद्धि भई १०२९ अर्ब २ करोड पुगेको छ । अघिल्लो वर्ष कुल सरकारी खर्च ४०.२ प्रतिशतले वृद्धि भई ८१५ अर्ब ७० करोड पुगेको थियो । आर्थिक वर्ष २०७४।७५ मा नगद प्रवाहमा आधारित चालु खर्च ३२.४ प्रतिशतले वृद्धि भई ६८० अर्ब ३१ करोड पुगेको छ । अघिल्लो वर्ष चालु खर्च ४०.९ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा वर्षमा चालु खर्च बजेट अनुमानको ८४.७ प्रतिशत भएको छ ।

समीक्षा वर्षमा कृषि क्षेत्रतर्फको कर्जा ५०.८ प्रतिशत, औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा २०.६ प्रतिशत निर्माण क्षेत्रतर्फको कर्जा १९.३ प्रतिशत, खुद्रा तथा थोक व्यापारतर्फको कर्जा २२.४ प्रतिशत, सेवातर्फका उद्योगतर्फको कर्जा २६.७ प्रतिशतले बढेको छ । आव २०७४।७५ मा बैंक तथा वित्तीय संस्थाहरुको लगानीमा रहिरहेको कर्जामध्ये ६१.७ प्रतिशत कर्जा घर जग्गाको धितोमा र १४.४ प्रतिशत कर्जा चालु सम्पत्तिको धितोमा प्रवाह भएको छ । अघिल्लो वर्ष यस्तो धितोमा प्रवाहित कर्जाको अनुपात क्रमशः ६०.९ प्रतिशत र १३.९ प्रतिशत रहेको थियो ।

## गोपनियताको...

दर्ता गराइएको छ । मुलुकको मूल कानुनका रुपमा रहेको संविधानसँग बाझिने गरी कानुन बनाउँदा स्वतः खारेज हुने व्यवस्था भए तापनि त्यसलाई पन्साएर सरकार प्रेसमाथि अंकुश लगाउन तम्सिरहेको छ । संविधानमा समाचार, सम्पादकीय, लेख रचना वा अन्य सामग्री प्रवाह गर्न र छाप्नुपूर्व प्रतिबन्ध लगाउन नपाइने, प्रकाशन वा प्रसारण गरेपछि सञ्चार संस्था बन्द, दर्ता खारेज, उपकरण जफत र अवरोध गर्न नहुने व्यवस्था छ । संविधानमा उल्लेख भएको उक्त व्यवस्था विपरीत राज्यको ढिकुटीबाट तलब सुविधा पाउने सार्वजनिक पद धारण गरेको व्यक्तिको शैक्षिक प्रमाणपत्र, अपराधिक पृष्ठभूमि र फौजदारी कसुरमा पाएको सजायँ, कसुर भुक्तानको विवरण, विवादित व्यक्तिको चरित्र, राजनीतिक आबद्धताका विषयमा टिप्पणी गर्न नपाइने प्रावधान विधेयकमा राखिएको छ ।

मुलुकी ऐन प्रतिस्थापन गर्न आएको देवानी फौजदारी संहिताले समेत प्रेस स्वतन्त्रता खुम्च्याएको प्रति राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा नै अवाज उठिरहेको अवस्थामा थप कडा कानुन ल्याएर प्रेसमाथि अंकुश लगाउन सरकार सक्रिय बनेको छ । राष्ट्रिय ढिकुटीबाट तलब खाएर गैरकानुनी काम गर्ने नैतिकहीनहरुको भण्डाफोर गर्नु प्रेसको कर्तव्यभित्र पर्छ । कानुन बनाएर पर्दा हाल्दैमा त्यसले भ्रष्ट र नैतिक पतनको नांगोपना छोप्न नसक्ने निश्चित छ ।

## कर बढाउँदै...

चीन सरकारले करवृद्धि विश्व व्यापार संगठनका नियमको उल्लंघन रहेको भन्दै अमेरिकाको आलोचना गरिरहेको छ र यसविरुद्ध चीनले कानुनी चुनौती दिने जनाएको छ अमेरिकाले राज्यको अग्रसरतामा प्रविधि विकासका कार्य रोक्न बेइजिङमाथि दबाब दिइआएको छ तर चीनले त्यसलाई अस्वीकार गरिरहेको छ । चीनको यस कदमले बजारमा प्रतिस्पर्धी स्थिति उत्पन्न नहुने अमेरिकाको भनाइ छ । तत्काल कुनै सम्झौता नहुने स्थितिप्रति सङ्केत गर्दै अर्थविज्ञहरुले सन् २०२० सम्म विश्वको आर्थिक वृद्धि ०.५ प्रतिशत विन्दुको हाराहारीमा मात्र रहने चेतावनी दिएका छन् ।

## कञ्चनपुरमा...

बताइएको छ । यो झडपका क्रममा प्रहरीको गोली लागेर कम्तिमा पनि आठजना प्रदर्शनकारी घाइते भएका छन् । घाइतेहरुममध्ये भीभीमदत्त नगरापालिका-१८ बस्ने १७ वर्षीय अर्जुन भण्डारीको अवस्था चिन्ताजनक छ । उनको दायाँ खुट्टामा लागेको छ । भण्डारीको प्राथमिक उपचार स्थानीय अस्पतालमा भए पनि अवस्था चिन्ताजन भएपछि सुविधायुक्त अस्पतालका लागि रेफर गरिएको छ । प्रहरीले हानेको गोली लागेर ४२ वर्षीय तेज भट्ट, २० वर्षीय तीर्थ पनेरु, मनोज बुढा, सरोज खड्का र कैलालीको हसुलिया बस्ने सन्तोष कडारिया घाइते भएका छन् । उनीहरु सबैलाई प्रहरीले हानेको गोली लागेका छ । तर प्रहरीले प्रयोग गरेको गोली रबरको हो या अर्को भन्ने पुष्टि भइसकेको छ।

यस घटनाबारेमा जिल्लास्थित प्रहरी अधिकृतहरुले पनि बोल्न मानेका छैनन् । जिल्ला प्रहरी कार्यालयका एक प्रहरी अधिकृतले गोली चले पनि त्यसको एकिन विवरण आइनसकेको जानकारी दिए । प्रदर्शनकारीको झडपका क्रममा प्रहरी हवलदार हर्कबहादुर पाल र प्रहरी जवान महेश भट्ट पनि घाइते भएका छन् । प्रत्यक्षदर्शीका अनुसार प्रशासन कार्यालय नजिकै प्रदर्शनकारीले निरन्तर ढुंगामुडा गरेका थिए । प्रहरीले पनि प्रदर्शनकारीमाथि अश्रुग्यास हानिरहेको थियो । तर प्रहरीतर्फ अश्रुग्यासका सेल सकिएपछि अवस्थालाई नियन्त्रण बाहिर जान नदिन गोली चलाउनुपरेको प्रहरी अधिकृतहरुको भनाइ छ । गोलीबाट प्रदर्शनकारी घाइते भएपछि अझै अवस्था भड्किने सम्भावना बढेको छ ।

'स्थितिलाई नियन्त्रणमा लिन अश्रुग्यास प्रहार गरिएको हो', जिल्ला प्रहरी कार्यालय, कञ्चनपुरका डिएसपी ज्ञान सेठीले भने ।

## सवा चार...

ट्यांकीमा स्टोर गरेर पाइपलाइनबाट घरघरमा पुऱ्याइएको छ।

प्रधानमन्त्री ओलीले भने 'मैले भनेको थिएँ, काँधमा सिलिन्डरका डल्ला बोकेर हिँड्ने युग अन्त्य हुनेछ। ३२ घरले आजैदेखि डल्ला फ्याँके, अब अरूले पनि फ्याँक्छन् ।' तर यो प्रविधि नेपालमा नौलो होइन। मुलुकभर अहिलेसम्म चार लाख २० हजार परिवारले गोबरग्यास प्लान्ट जोडिसकेका छन्। अझ मुलुकमा बायोग्यासको सुरुवात भएको ६३ वर्ष र परियोजनाकै रूपमा गोबरग्यास प्रवर्द्धनको ३ दशकभन्दा बढी भइसकेको छ। 'मुलुकभर हिमालदेखि तराईसम्मका घरपरिवारमा गोबरग्यास प्लान्ट जोडिएको छ, त्यसबाट ठूलो जनसंख्याले स्वच्छ ऊर्जा प्राप्त गरेको छ,' वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका वरिष्ठ अधिकृत प्रकाश अर्यालले बताए।

वैकल्पिक ऊर्जा प्रबर्द्धन केन्द्रले जलवायु लगानी कोष र विश्व बैंकको सहयोगमा सन् २०१४ देखि नवीकरणीय ऊर्जा विस्तार कार्यक्रम सञ्चालन गरिरहेको छ। यस कार्यक्रमअन्तर्गत विश्व बैंकको २० प्रतिशत, नेपाल सरकारको २० प्रतिशत र निजी क्षेत्रको ६० प्रतिशत लगानीमा ठूला परियोजनाहरू सञ्चालन हुने गर्छन्।

## संघीयता यो देशका...

बढावा दिएका छन् । भोट दिने जनतालाई करको बोझले थिचेर उठ्नै नसक्ने बनाएका छन् । अहिले जनताले चारैतिरदेखि विरोध गरेका छन् । जनतालाई उडुसले रगत चुसे जसरी राज्यले चुसेर नेताहरुलाई मोजमस्ती गराएर संघीयता चल्दैन । यत्रो सानो मुलुकमा संघीयता लाद्नु नै अदूरदर्शिता र गम्भीर भूल थियो । अब त्यो भूल सजिलै सच्याउन सकिँदैन ।

अहिले सरकारले प्रेस स्वतन्त्रता हनन गर्दै जनताको बोल्ने, लेख्ने अधिकार समेत कुण्ठित बनाउने गरी मुलुकी ऐन प्रतिष्थापन गरेर नयाँ कानुन जारी गरेको छ । जुन कानुनले भ्रष्टाचारको विरोध गर्ने, भ्रष्टाचारीको फोटो छाप्ने, भ्रष्टाचार गरेको सूचना बाहिर ल्याउनेलाई समेत गोपनियताको उल्लंघनमा जेल हाल्न सक्छ । लोकतन्त्रको कानुन पञ्चायतको भन्दा अलोकतान्त्रिक ल्याउने अधिकार यिनीहरुलाई कसले दियो ? जनताबीच गम्भीर प्रश्न उठेको छ । आफू र आफ्ना मानिसले मुलुक लुटेका कुरा बाहिर नआओस्, आम नागरिकले थाहा नपाउन् भनेर यस्तो कानुन ल्याएको हो ।

केपी ओलीले राम्रो गरेको भनेर एउटा कामको मात्र नाम लिन सकिन्छ । त्यो भनेको चीनसँगको पारवहन सम्झौता हो । त्यो पनि प्रोटोकल सन्धिमा हस्ताक्षर हुन नसकेका कारण पूर्ण रुपमा कार्यान्वयनमा आएको छैन । नेपालको परनिर्भरता हटाउन उत्तरी नाका खोल्ने कुरामा प्राथमिकता दिन जरुरी छ । पूर्व ओलाङचुङगोलादेखि पश्चिम ताक्लाकोटसम्मकै सबै उत्तरी नाकाहरु खुला गरेर चीनतर्फको व्यापार पनि विस्तार गर्नुपर्छ । रेल र पानीजहाजका गफ गरेर मात्र होइन, ल्याएर देखाउन सक्नुपर्छ । नत्र भने ठूलठूला कुरा गरेर जनतालाई दिग्भ्रमित पारेर सानातिना विकासका काम पन्साउनेतर्फ मात्र सरकार लागिरहेको देखिन्छ ।

प्रधानमन्त्रीले घरघरमा ग्यास पाइप पुऱ्याउने भाषण गरेका थिए । अहिले विराटनगरका केही घरमा गोबरग्यासको पाइप जोडेर प्रधानमन्त्री रमाइरहेका छन् । गोबरग्यासको पाइप त जनताले झन्डै पचास वर्षअगाडिदेखि नै जोड्दै आएका छन् । उदाहरणका लागि काठमाडौंमै गाई पालेर राजेश्वर देवकोटाले पनि घरमा ग्यास जोडेका थिए । ठूलो काम गरैं भनेर प्रधानमन्त्री मख्ख पर्ने कुरै आउँदैन ।

सरकारले के गर्दैछ भनेर हेर्न टाढा जानु पर्दैन । काठमाडौं उपत्यकाका बाटाघाटामा देखिने हिलो, धूलो खाडल हेरे उदाहरण स्पष्ट हुन्छ । भुइँचालोमा भत्किएको धरहरा र रानीपोखरी पुनर्निर्माणको गतिले सरकारको कामको गति स्पष्ट पारेको छ । सरकारको कामले भाषण र टेलिभिजनका पर्दाहरुमा मात्र गति लिएको छ । यो सरकारले हामीजस्ता ज्येष्ठ नागरिकको सम्मान गर्न पनि सकेको छैन । भोट माग्दा ज्येष्ठ नागरिकलाई मासिक ५ हजार भत्ता दिने भनेर घोषणापत्र जारी गरेर भोट बटुल्ने तर देउवा सरकारले निर्णय गरेको कुराबाट पनि पछि हट्नाले ज्येष्ठ नागरिकको घोर अपमान भएको छ । एउटा सरकारको निर्णय अर्को सरकारले उल्टाएर सरकार सञ्चालनको सिद्धान्त विपरीत काम गरेको छ ।

## बोहोराको निधनप्रति मालेको समवेदना

काठमाडौं । नेकपा (माले) कर्णाली प्रदेश कमिटी सदस्य तथा हुम्ला जिल्ला कमिटी सचिव क.जयबहादुर बोहोराको बाँकेको नेपालगञ्जमा २०७५ भदौ २ गते ३० बर्षको अल्पायुमै (जन्म २०४५/६/११) भएको आकस्मिक तथा असामयिक निधनको खबरले हामीलाई स्तब्ध तथा अत्यन्तै दुखी बनाएको छ ।

क. जयबहादुर बोहोरा जीवन पर्यन्त पार्टीको दृष्टिकोण र पार्टी नीतिमा ईमान्दारीकासाथ लाग्नु भयो । वहाँले पार्टी कार्यमा पुऱ्याउनु भएको अमूल्य योगदान उच्च कदर योग्य छ । क. जयबहादुर बोहोराको निधनबाट कर्णाली प्रदेशले मात्र नभएर नेकपा (माले) र मुलुकले नै एउटा होनहार युवा नेता गुमाएको छ । नेकपा (माले) क. जयबहादुर बोहोराप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्छ, साथै शोकसन्तप्त वहाँकी श्रीमती क. लक्ष्मी बोहोरा, एक छोरी तथा दुई छोराहरु सहित समस्त परिवारजन र आफन्तजन एवम् कर्णाली प्रदेशको पार्टी कमिटी तथा पार्टी पङ्तिमा गहिरो समवेदना प्रकट गर्दछ ।